का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ असोज २०८०,
बिहीबार
5 October 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २५२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अझै उल्झनमा एमसीसी

एमसीसी कार्यान्वयन शुरु भएको घोषणाको एक महिनासम्म ठेकेदार भेटिएका छैनन् भने नेपालमा विरोधका कार्यक्रम पनि चलिरहेका छन् । नकारात्मक धारणा विकसित हुन नदिन अमेरिकी सक्रियता बढ्दो छ ।



डिजाइन एमसीसीको निर्देशिकाअनुरुप नै भएको छ, त्यसमा गल्ती भएको छैन। तर निर्माण कम्पनीहरुले गरेको उच्च लागत प्रस्तावका विषयमा अध्ययन भइरहेकाले त्यस विषयमा भने टिप्पणी गर्न चाहन्न।

**खड्गबहादुर बिष्ट**
**एमसीए नेपालका कार्यकारी निर्देशक**




*फाइल तस्विर*

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १७ असोज

नेपालमा मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रम कार्यान्वयन चरणमा प्रवेश गरेको औपचारिक घोषणा भएको एक महिना बढी भयो ।

गत भदौ १३ गते एमसीसी कार्यान्वयन सुरु भएको औपचारिक घोषणा भएको थियो । औपचारिक घोषणा भएको एक महिनासम्म ठेकेदार भेटिएका छैनन् भने नेपालमा विरोधका कार्यक्रम पनि चलिरहेका छन् । यसका सम्बन्धमा नकारात्मक धारणा थप विकसित नहुन भनेर अमेरिकी चासो पनि निरन्तर बढ्दो छ ।

नेपालमा विरोधका कार्यक्रम बढ्न थालेको र ठेकेदार नभेटाएको अवस्थामा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) की प्रमुख कार्यकारी अधिकृत (सीईओ) एलिस अलब्राइट काठमाडौंमा छिन । उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठदेखि बिभिन्न दलका नेताहरु भेटिरहेकी छन् । साथै पत्रकारहरुसँग समेत संवाद बढाएकी छन् ।

नेपालमा विरोधको स्वर बढेपछि अमेरिकाले एमसीसी कम्प्याक्ट अनुमोदन गर्दा नेपालको संसदले गरेको ब्याख्यात्मक घोषणा स्वीकार्य भएको पनि बताएको छ । अलब्राइटले मंगलबार काठमाडौंमा पत्रकारहरुसँग कुरा गर्दै आफूहरुले एमसीसीकी व्याख्यात्मक घोषणा स्वीकार गरेको बताएकी हुन् ।

'त्यसप्रति एमसीसी सहमत छ, हामीले त्यसलाई स्वीकार गरेका छौं । हामीले पृष्ठ २ मा

## विरोधमा विप्लव



प्रधानमन्त्री प्रचण्ड र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी एउटै मोर्चा (समाजवादी) मोर्चामा छन् । तर अमेरिकी सहायता परियोजना (एमसीसी)को विषयमा दुई नेता दुईतिर छन् । विप्लव अमेरिकी एमसीसी अहिलेकै अवस्थामा कार्यान्वयन हुन नदिने बताउँछन् । उनले एमसीसी परियोजनाविरुद्ध आफ्नो पार्टी कडाइका पृष्ठ २ मा



## बचाउमा प्रचण्ड

ठेकेदार समेत नभेटाएको सुरुमा भनेको भन्दा बढी लागतको विषय आएपछि त्यसमा नेपालको पनि दायीत्व बढेको भनी बिभिन्न राजनीतिक दलले एमसीसीबारे प्रश्न मात्रै उठाएका छैनन्। विरोधका कार्यक्रम समेत चलाउन थालेका छन् ।

यसबेला प्रधानमन्त्री प्रचण्ड एमसीसीको बचाउमा उत्रिएका छन् । एमसीसीको अनुदानमा नेपालमा कार्यान्वयन हुन लागेका परियोजनाले देशको अर्थतन्त्रमा ठूलो योगदान दिने भनी उनी बचाउमा उत्रिएका हुन् ।

एमसीसी कार्यान्वयन सेलिब्रेसन कार्यक्रमलाई बुधबार सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले एमसीसी कार्यान्वयनमा नेपालको बलियो प्रतिवद्धता रहेको बताए । उनले यस परियोजनाबाट निर्माण हुने विकासका पृष्ठ २ मा

**सरकारको समीक्षा**

# सद्भाव भड्काउने तत्व सक्रिय

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १७ असोज

बाँकेको नेपालगञ्जमा तीन दिनदेखि देखिएको सामाजिक सद्भाव भड्काउने प्रयास सम्बन्धी गतिविधिको समीक्षामा सरकार जुटेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विशेष चासो राखेर बुधबार राष्ट्रिय सुरक्षा परिषद्को बैठक राखे ।

प्रधानमन्त्री प्रचण्डसहित उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, अर्थमन्त्री डा. प्रकाशशरण महत, परराष्ट्रमन्त्री एनपी साउद, प्रधानसेनापति प्रभुराम शर्मा र राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास वैरागी लगायतको सहभागितमा चलेको बैठकले सद्भाव भड्काउने तत्व सक्रिय रहेको निष्कर्ष निकालेको छ । नेपाली सेनाको तर्फबाट देशको पछिल्लो सुरक्षा अवस्था र चुनौतीबारे लामो बृफिङ समेत भएको थियो । त्यसक्रममा नेपालगञ्जको तनावको कारण सामाजिक संजाल नरहेको र सद्भाव भड्काउन अदृष्य शक्ति सक्रिय हुन खोजेको भनी राष्ट्रिय सुरक्षा परिषद्का सदस्यहरुले राखेका हुन् ।

नेपालगञ्जमा केही दिनअघि फेसबुकबाट लेखिएको एउटा स्टाटसका कारण तनाव भएको बताउने गरिएको छ । तर सुरक्षा परिषद त्यसमा सहमत छैन । यही निष्कर्षका साथ सुरक्षा परिषदले नेपाली सेनालाई उच्च सतर्क अवस्थामा रहन भनेको छ ।

> नेपालगञ्जमा केही दिनअघि फेसबुकबाट लेखिएको एउटा स्टाटसका कारण तनाव भएको बताउने गरिएको छ । तर सुरक्षा परिषद त्यसमा सहमत छैन । यही निष्कर्षका साथ सुरक्षा परिषदले नेपाली सेनालाई उच्च सतर्क अवस्थामा रहन भनेको छ ।



*बुधबार सिंहदरबारमा बसेको सुरक्षा परिषद् बैठक । तस्बिर: प्रदीपराज वन्त*

## स्थलगत रिपोर्टिङमा गृहमन्त्री

उपप्रधानमन्त्री एव गृहमन्त्री नारायणकाजी श्रेष्ठ धार्मिक एवं सामुदायिक सद्भाव भड्काउने प्रयास भएपछि स्थलगत रिपोर्टिङमा निस्कएका छन्। उनले बुधबार मधेस प्रदेशको समसामयिक सुरक्षाबारे आठै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू र सबै सुरक्षा निकायका प्रदेश र जिल्ला प्रमुखहरूसँग रिपोर्टिङ लिए ।



प्रमुख जिल्ला अधिकारीहरू र सुरक्षा निकायका प्रदेश तथा जिल्ला प्रमुखहरूले प्रदेशका कतिपय ठाउँमा धार्मिक सद्भाव बिथोल्ने तत्वहरू सक्रिय रहेको, सामाजिक संजालमा आउने कतिपय सामग्रीले उत्तेजना निर्माण गर्न खोजेको लगायतका समस्या उजागर गरेका थिए ।

महोत्तरीको बर्दिबासमा सम्पन्न गृह प्रशासन र सुरक्षा अधिकारीहरूबीचको अन्तरक्रियात्मक बैठकमा गृहमन्त्री श्रेष्ठले जनताले सुशासन तथा गुणात्मक आर्थिक समृद्धि चाहेकोले सेवा प्रवाहलाई सहज र गुणस्तरीय बनाउन, शान्ति सुरक्षा चुस्त बनाउन, भ्रष्टाचारी एवं अपराधीलाई कानुनको दायरामा ल्याउन तथा दण्डहीनताको अन्त्य गर्न मातहतका निकायलाई निर्देशन दिए ।

गृह मन्त्रालयका सचिव दिनेश भट्टराईको अध्यक्षतामा सम्पन्न अन्तरक्रियात्मक बैठकमा प्रदेश सरकारका मुख्यसचिव दिनेश घिमिरे, नेपाल प्रहरीका महानिरीक्षक बसन्तबहादुर कुँवर, सशस्त्र प्रहरीका महानिरीक्षक राजु पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# जर्मनी र रोमानियासँग द्विपक्षीय श्रम सम्झौता गर्न स्वीकृति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असोज

नेपाल र रोमानियाबीच आगामी शुक्रबार श्रम सम्झौता हुने भएको छ । मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले जर्मनी र रोमानियासँग द्विपक्षीय श्रम सम्झौता गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई स्वीकृति दिएको हो ।



नेपालबाट वैदेशिक रोजगारीमा जानेक्रम वर्षौं अघिदेखिको भएपनि हालसम्म मलेसिया, कतार, यूएई र दक्षिण कोरियासहित ९ वटा देशसँग मात्रै श्रम सम्झौता भएको छ । रोमानियासँगको श्रम सम्झौतामा हस्ताक्षरका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी नेतृत्वमा सचिव केवल प्रसाद भण्डारीसहित प्रतिनिधिमण्डल बुधबार रोमानिया गएको छ ।

रोमानियापछि जर्मनीसँग श्रम सम्झौता हुने बताइएको छ । पछिल्लो समय नेपाली कामदार युरोपेली मुलुकमा जानेक्रम बढेको छ । रोमानिया गत वर्ष नेपाली कामदारको प्रमुख युरोपेली गन्तव्य मुलुकका रूपमा रहेको थियो । हाल १० हजारभन्दा धेरै नेपाली उक्त मुलुकमा कार्यरत रहेको अनुमान छ ।

रोमानियापछि अर्को युरोपेली मुलुक पोर्चुगलमा धेरै नेपाली कामदार रहेका छन्। पोर्चुगलसँग भने श्रम सम्झौताको प्रारम्भिक स्तरको मात्रै गृहकार्य भइरहेको बताइएको छ ।

नेपालले श्रम सम्झौता हुने अर्को मुलुक जर्मनीमा हाल आप्रवासी कामदारको कमी 'सर्टेज' व्यहोरिरहेको छ । तर जर्मनीले वार्षिक कति नेपाली कामदार चाहेको हो स्पष्ट भइनसकेको मन्त्रालय स्रोतले बतायो । जर्मनीमा नेपाली कामदारको न्यूनतम तलब जर्मन नागरिक सरह हुने छ ।

हाल मलेसिया पनि नेपाली कामदारको न्यूनतम तलब मलेसियाली नागरिक सरह हुने बताइएको छ । श्रम सम्झौतापछि नेपाली कामदारले सामाजिक सुरक्षाको संरक्षण पाउने बताइएको छ ।

**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघको सदस्यता नवीकरण तथा नयाँ सदस्य लिनेसम्बन्धी सूचना**

वैदेशिक रोजगारमा जाने कामदारलाई वैदेशिक रोजगार विभागमा सूचीकृत भएका पूर्व प्रस्थान अभिमुखीकरण तालिम प्रदायक संस्थाहरुले यस महासंघको सदस्यता नवीकरण गर्ने तथा नयाँ सदस्यता लिनेसम्बन्धी सूचना गरिएको हुँदा १५ दिनभित्र तपशिलको कागजातसहित महासंघको कार्यालयमा आइ तोकिएको दस्तुर बुझाएर सदस्यता नवीकरण गर्न तथा नयाँ सदस्यता कायम गर्न सबैमा जानकारी गराउँदछौं ।

**तपशिल**

१) निवेदन
२) कम्पनीको प्रमाणपत्र कपी
३) विभागको सूचीकृत प्रमाणपत्र कपी
४) शेयर किताब अभिलेख
५) कम्पनी अपडेट तथा करचुक्ता
६) प्रतिनिधि तोकेको सञ्चालक समितिको निर्णय
७) नवीकरण शुल्क प्रतिवर्ष रू २,०००।- (दुई हजार रुपैयाँ) तथा सदस्यता शुल्क रू ५,०००।- (पाँच हजार रुपैयाँ)

**नोट: तोकिएको समय सीमाभित्र आवश्यक कागजातसहित तोकिएको दस्तुर नबुझाएमा आगामी साधारण सभामा सहभागी हुन बन्देज गरिनेछ ।**

**लक्ष्मी प्रसाद लामिछाने**
**महासचिव**
**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ**
**केन्द्रीय कार्यालय, तिनकुने काठमाडौं**

# कृषि सामग्री कम्पनी धनगढीको सटरमा व्यापारीको रजाइँ

**जीवन विष्ट/मध्यान्ह**
धनगढी, १७ असोज



धनगढीमा रहेको कृषि सामग्री कम्पनी लिमिटेडको सटरमा व्यवसाय सञ्चालन गरिरहेका व्यापारीहरूले लामो समयदेखि भाडा बुझाएका छैनन् । कम्पनीको प्रादेशिक कार्यालय रहेको भवनका १७ सटरबाट एक करोड ५४ लाख ८८ हजार १ सय ७२ रुपैयाँ उठाउन बाँकी छ । भाडा बुझाउन पटक-पटक ताकेता गर्दा पनि व्यापारीहरूले रकम नबुझाएको प्रादेशिक कार्यालय धनगढी प्रमुख नवल सिंह बोगटीले जानकारी दिए ।

'भाडा तिर्न आग्रह गर्दा गर्दै हामी हैरान भइसकेका छौँ । उहाँहरूको सजिलोको लागी हामीले बैंकिङ र नगद दुवै तरीकाबाट भुक्तानीको व्यवस्था मिलाएको छौँ । एकै पटक तिर्न गाह्रो भए रकम घटाउँदै जानुस् समेत भनेका थियौँ तर उहाँहरूले बेवास्ता गरिरहनु भएको छ,'कार्यालय प्रमुख बोगटीले भने ।

सटर भाडा बापतको रकम तिर्न पटक-पटक पत्र पठाउँदा पनि व्यापारीहरूले रकम बुझाएका छैनन् । 'हामीले सात-आठ पटक पत्र नै पठाइसक्यौँ । रकम तिर्न भन्दै हात जोड्दै पसलमै पुग्छु म कतिपयको त घर सम्मै पुग्नु पर्छ । तिर्छौं मात्रै भन्नुहुन्छ उहाँहरूले तिर्नुहुन्न,'कर्मचारी चन्द्र प्रसाद भट्टले भने ।

### सम्झौता सकिएको डेढ वर्ष बित्दा पनि बुझाएनन् भाडा

कृषि सामग्रीले २०७७ वैशाख १८ गते २ वर्षका लागि व्यापारीहरूसँग १७ सटर भाडाको सम्झौता गरेको थियो । सम्झौतामा प्रत्येक महिना भाडा रकम बुझाउने र दुई वर्ष पछि १० प्रतिशतका दरले भाडा बढाइने उल्लेख थियो । सम्झौता अवधि २०७९ वैशाख १८ गते सकिएको छ । सम्झौता सकिएको डेढ वर्ष बढी बित्दा पनि व्यापारीहरूले भाडा चुक्ता गरेका छैनन् । व्यापारीहरूले नटेरेपछि कृषि सामग्रीले प्रहरी प्रशासनलाई गुहार मागेको छ ।

'हाम्रो आग्रहलाई बेवास्ता गरेपछि हामी प्रशासनको सहयोग लिन बाध्य छौँ । गत आइतबार जिल्ला प्रहरी कार्यालय र सोमबार जिल्ला प्रशासन कार्यालयले व्यापारीहरूलाई बोलाएर छलफल गरेको छ । हामीले कानुनी बाटो रोजीसकेकाछौँ,'धनगढी प्रमुख बोगटीले भने ।

यसरी भाडा नबुझाउनेहरू युनिक स्पोर्टका सञ्चालक सुशीला रानाले १७ लाख ६० हजार ७ सय ७५,निङ्लाशैनी फेन्सी स्टोर सञ्चालक पदम बोहराले १५ लाख २६ हजार ८३,ब्लुस्टार बेबी सप सञ्चालक शेर सिंह रावलले दुई सटरको २८ लाख २८ हजार ६ सय ५३ रुपैयाँ,एटुजेड बेबी सप सञ्चालक विष्णुदेव पाण्डेले १४ लाख ७ रुपैयाँ तिरेका छैनन् ।

यस्तै आस्का सु-सेन्टर सञ्चालक पुष्करराज भटले १३ लाख ३९ हजार ९ सय ८७, प्याराडाइज सञ्चालक लाल सिंह रावतले १३ लाख १० हजार ३ सय ५२ रुपैयाँ, वैष्य फेमस लिक्वायर वाइन सपका सञ्चालक एकेन्द्र खड्काले १२ लाख ८७ हजार ३ सय ५६ रुपैयाँ तिर्न बाँकी रहेको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय धनगढीले जनाएको छ ।

भण्डारी सु-सेन्टर सञ्चालक प्रशान्त भण्डारी ९ लाख ९२ हजार ६ सय ६८, सहारा फेन्सी सञ्चालक टेकराज पाण्डेयले ७ लाख २८ हजार ३ सय ३५ रुपैयाँ,आरडी फेन्सी स्टोर सञ्चालक रञ्जित ढुंगेलले दुई सटरको १० लाख ४५ हजार ६८ रुपैयाँ,आँचल चस्मा सेन्टर तथा आँचल फेन्सी स्टोर सञ्चालक राजेन्द्र प्रसाद जोशीले पनि दुई सटरको ५ लाख ८३ हजार ५ सय ३२ रुपैयाँ, आयुष अटो सञ्चालक परशुराम बानियाले ३ लाख ४६ हजार ८३ रुपैयाँ,निहारीका मोबाइल ग्यालरी सञ्चालक सन्तोष मण्डल धानुकले २ लाख २३ हजार ७ सय ९९ रुपैयाँ र पाठक चस्मा सेन्टर पुष्पा कुमारी पाण्डेयले १ लाख १५ हजार १ सय ३ रुपैयाँ तिरेका छैनन् ।

### हच्कियो कृषि सामग्री, खोल्यौं टेन्डर

व्यापारीहरूले समयमै भाडा नतिरेपछि आजित बनेको कृषि सामग्री कम्पनी लिमिटेडले अन्ततः सटर भाडामा दिन बोलपत्र आह्वान गरेको छ । लिमिटेडको केन्द्रीय कार्यालयले भाद्र ३० गते गोरखापत्रमा प्रकाशित गरेको सूचनामा मासिक न्यूनतम भाडा ४ लाख ८६ हजार ७ सय १० रुपैयाँ रहने गरी १७ सटर ६ वर्षका लागी भाडामा लिन १ लाख ७२ हजार २ सय १५ बोलपत्र जमानत रकम तोकिएको छ । यसअघिसम्म भने प्रादेशिक कार्यालयले आफैँ व्यापारीहरूसँगै सोझै सम्झौता गरी सटर भाडामा दिइरहेको थियो ।

'व्यापारीहरूले नियमित रूपमा भाडा रकम बुझाएको भए अहिले बोलपत्र आह्वान गर्नुपर्ने जरुरी नै थिएन । उहाँहरूले नटेरेपछि हामीले टेन्डर प्रक्रिया रोज्यौँ,'प्रादेशिक कार्यालय प्रमुख बोगटीले भने,'भाडा चुक्ता नगरेका व्यापारीहरूलाई टेन्डर प्रक्रियामा सहभागी हुन नपाइने भनेका छौँ ।'


### व्यापारी भन्छन्, 'बिचल्लीमा छौँ'

कृषि सामग्री कम्पनी लिमिटेडको सटरमा व्यवसाय सञ्चालन गरिरहेका व्यापारीहरूले भने कोरोना महामारीपछि कारोबार ठप्प हुँदा भाडा रकम तिर्न नसकेको बताएका छन् । 'व्यापारघाटाका कारण हामीले रकम तिर्न सकेनौँ । कोरोना महामारीको समयको भाडा छुट दिने भन्ने कुरा पनि थियो हामीले त्यो पनि पाएनौँ।यस अघि पनि भाडा नतिरेको हैन तिरेकै हो अहिले पनि हामीले तिर्ने वनेकै छौँ । तर कार्यालयले हामीलाई बिचल्ली पार्न खोज्यौँ,'आस्का सु-सेन्टर सञ्चालक पुष्करराज भट्टले भने ।

आफूहरूलाई जानकारी नै नदिएर कार्यालयले टेन्डर आह्वान गरेर बिचल्ली पार्न खोजेको उनको आरोप छ । 'हामीलाई यहाँबाट भगाउने प्रयास भइरहेको छ । बोलपत्र खुली सकेको छ । हाम्रो व्यापार नै नभएपछि कसरी भाडा तिर्ने हामीले ? हामीलाई केही समय थप चाहिन्छ यहीँ व्यापार गर्छौं र भाडा तिर्छौं,'उनले भने ।

व्यापार व्यवसायमा लागेको मन्दीका कारण नै भाडा बुझाउन नसकेको अर्का व्यापारी एकेन्द्र खड्काले बताए । 'कारोबारमा गिरावट छ । कहिले काहीँ त साता दिन सम्म पनि व्यापार शून्य हुन्छ । यो अवस्थामा हामीले कसरी भाडा तिर्ने ? बैंकको व्याजले च्यापेको बेला कृषि सामग्रीबाट पनि हामीहरूको घाटी थिच्ने काम भयो । हामी पनि व्यवसाय छोडेर विदेश पलायन हुने अवस्थामा पुगेका छौँ,'खड्काले भने ।

भाडा नतिरेको विषयलाई लिएर प्रहरी प्रशासनमा उजुरी हालेर कार्यालयले दुःख दिइरहेको उनीहरूको गुनासो छ । 'हामीलाई प्रहरी प्रशासनसम्म पुऱ्याउनु गलत हो । भाडा तिर्छौं भनेकै छौँ । व्यापारी साथीहरू सबै जना छलफल गरेर निष्कर्षमा पुग्छौँ,'अर्का व्यापारी शेर सिंह रावलले भने ।



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ३ र ४ को बीचमा फैलिएको स्यार्पु ताल । तस्बिर : प्रचण्ड खत्री/मध्यान्ह

## उपभोक्ताहरुलाई सचेत बनाउन हुम्लामा र्‍याली

**मध्यान्ह संवाददाता**
हुम्ला, १७ असोज

हुम्लामा उपभोक्ताहरुलाई सचेत र जागरुक बनाउन र्‍याली निकालिएको छ । चाडपर्व नजिकिँदै गर्दा बजारमा जथाभावी दैनिक उपभोग्य सामग्री बिक्री गर्ने कार्य रोक्न र जनचेतना फैलाउन उपभोक्ता अधिकारसँग सम्बन्धी नारासहितको र्‍याली निकालिएको हो । र्‍याली पछिको कोण सभामा सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले सबै किसिमका उपभोक्ताहरुलाई उपभोग गर्न दैनिक उपभोग्य सामग्रीप्रति सचेत गराउन र्‍याली आयोजना गरिएको बताए । उपभोक्तालाई सचेत बनाउन आवश्यक देखिएको बताउँदै उनले सामान किनिसेकेपछि बिल लिने बानी बसाल्न पनि आवश्यक देखिएको बताए ।

हाल जिल्लामा उपभोक्ताहरुले व्यापारीसँग सामान खरिद गरिसकेपछि बिल लिने चलन रहेको छैन । नेपाली कांग्रेसका उपसभापति कैलास भण्डारीले चाडपर्वको समयमा उपभोगका लागि अयोग्य सामान बढी बिक्री गरिने विगतको परम्परालाई तोड्न पनि आवश्यक रहेको बताए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शिवराज शर्माले उपभोक्ता सचेत हुनुका साथै व्यापारीहरुले पनि मर्यादित व्यापार गर्नुपर्ने बताए । उनले कुनै व्यापारीले अमर्यादित व्यापार व्यवसाय गरे कानूनी कठघरामा उभ्याउन सकिने बताउँदै विशेषगरी उपभोक्ता चनाखो रहनुपर्ने बताए । हुम्लामा यातायातको सहजता छैन । स्थानीय व्यापारी रामचन्द्र घिमिरेले हवाई जहाजको भरमा सामान ल्याउँदा एकदेखि दुई महिना नेपालगन्ज र सुर्खेतमा सामान रोकिने अनि बजारमा व्यापारीलाई हरेक नियम लगाउँदा व्यापारी मर्कामा परेको बताए ।

सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले उपभोक्ताको हित र व्यापार व्यवसाय प्रवर्द्धन तथा मर्यादित व्यवसाय सञ्चालन गर्न आवश्यक रहेको बताए । बजारमा बढी नाफा कमाउने किसिमले व्यापार भइरहेको बताउँदै उनले जनचेतना फैलाउँदा पनि सुधार नभए कानून अनुसार अगाडि बढ्न बाध्य हुने बताए ।

UAE मा रोजगार |
कम्पनी : NESTO MANAGEMENT OFFICE
शहरः UAE,AJMAN
पूर्व स्वीकृत मितिः २०७९/१०/०४ चलानी नं.: ६०१९५२१७ L.T. No.: 279657 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall & Market Salesperson | 450 | 200 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Helper | 50 | 0 | | 1000 | ३५,६१० | | | | | | | |
| 3. | Bottle Washer | 10 | 0 | | 1000 | ३५,६१० | | | | | | | |
| 4. | Bakery Worker | 10 | 0 | | 1000 | ३५,६१० | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २५ गते (12 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३
Itahari: 9862360723 | Jhapa: 9806074134 | Butwal: 9802676987

### अझै...

यसबारे सरकारलाई प्रतिक्रिया समेत दिइसकेका छौं । सोही अनुरूप एमसीसी कार्यान्वयनमा गएको हो' उनले भनिन् ।

१५ फागुन २०७८ मा नेपालको संसदले एमसीसी सम्झौता अनुमोदन गर्नुअघि सत्तारुढ दलहरुभित्रै अनुमोदन गर्ने कि नगर्ने भन्ने विषयमा चर्को मतभेद थियो ।

कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादीकै शीर्ष नेताले एमसीसी सम्झौता अनुमोदन गर्न नहुने धारणा राखेका थिए भने दुबै दलका कार्यकर्ताले सम्झौता अनुमोदन नगर्न खबरदारी गर्दै सडक प्रदर्शन गरेका थिए ।

त्यसपछि सत्तारुढ दलहरुबीच १२ बुँदे ब्याख्यात्मक घोषणा गरेर सम्झौता अनुमोदन गर्ने सहमति भएको थियो । ब्याख्यात्मक घोषणासहित सम्झौता अनुमोदन भए पनि उक्त घोषणालाई एमसीसीले स्वीकार गर्छ कि गर्दैन भन्ने मतभेद दलहरुभित्र थियो ।

प्रसारणलाइन परियोजनाहरुमा लागत अनुमानभन्दा उच्च बोलपत्र प्रस्ताव भएकोबारेको प्रश्नमा एमसीसीका डेपुटी भाइस प्रेसिडेन्ट जोनाथनले यस्तो हुनु नौलो नभएको बताए ।

'संसारभरिको अनुभवमा उच्च मूल्य प्रस्ताव हुनु हाम्रो लागि नयाँ विषय होइन, अन्यत्र पनि यस्तो हुने गरेको छ । एमसीसीले नेपालको बोलपत्रहरुको लागत विश्लेषण गरिरहेको छ, यसको केही न केही समाधान निस्कन्छ' उनले भने ।

परियोजना कार्यान्वयनको क्रममा अनुगमन तथा काम सकिएपछि गरिने मूल्यांकन एमसीसीको सबैभन्दा बलियो पक्ष भएको बताइएको छ ।

कार्यक्रममा एमसीए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर बिष्ट प्रसारणलाइन परियोजनाको डिजाइन लगत नभएको बताए ।

'डिजाइन एमसीसीको निर्देशिकाअनुरुप नै भएको छ, त्यसमा गल्ती भएको छैन । तर, निर्माण कम्पनीहरुले गरेको उच्च लागत प्रस्तावका विषयमा अध्ययन भइरहेकाले त्यस विषयमा भने टिप्पणी गर्न चाहन्न' विष्टले भने ।

### विरोधमा...

साथ लाग्ने बताए । 'नेपाललाई निस्वार्थ सहयोग गर्नेको हामीले विरोध गरेको होइन तर सर्तसहितको सहयोग हामीलाई चाहिँदैन' उनी भन्छन्, 'अहिलेको अवस्थामा एमसीसी अगाडि बढ्न सक्दैन ।'

विश्वमा नै समाजवादविरुद्ध हमला भइरहेकाले त्यसविरुद्ध एक्लै लडेर जान नसकिने भएकाले अहिलेको मोर्चाबन्दी आवश्यक रहेको उनको भनाइ छ ।

### बचाउमा...

कामले देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने बताए ।

उनले परियोजनाअन्तर्गत निर्माण हुने विद्युत प्रसारणमा महत्वपूर्ण उपलब्धि हुने विश्वास व्यक्त गरे । त्यसले गुणस्तरीय ऊर्जा प्राप्त हुने उल्लेख गर्दै ऊर्जा व्यापारामा समेत यसको भूमिका महत्वपूर्ण हुने बताए ।

प्रधानमन्त्री प्रचण्डले नेपाल सन २०२६ देखि विकाससिल मुलुकमा स्तरोन्नति हुने क्रममा रहेको र सन २०३० मा मध्यम आय भएको मुलुकमा स्तरोन्नतिको चरणमा रहेको बताए । उनले यस अवधिका अमेरिकाबाट थप सहयोगको अपेक्षा गरिएको बताए । नेपाल र अमेरिकाबीच रहेको सुमधर सम्बन्धको प्रतिबिम्ब आर्थिक साझेदारी पनि रहेको बताए ।

### स्थलगत...

अर्याल र राष्ट्रिय अनुसन्धान विभागका निमित्त प्रमुख ओमप्रकाश जोशी, गृह मन्त्रालयका प्रवक्ता नारायण भट्टराई, नेपाली सेनाका मध्यपूर्वी पृतनापति उपरथि प्रेमध्वज अधिकारी लगायत सहभागी थिए ।

स्थलगत रिपोर्टिङ लिएपछि बर्दिबासमा पत्रकारहरुसँग कुरा गर्दै गृहमन्त्री श्रेष्ठले संविधान, लोकतन्त्र र राष्ट्रिय एकताको रक्षाका लागि कानुनी शासन एवं राष्ट्रिय सुरक्षालाई बलियो बनाउनुपर्ने बताएका छन् । सबै किसिमका विभेदको अन्त्य, जोखिम न्युनिकरण, प्रकोप पीडितको प्रभावकारी उद्धार एवं राहत, लागूऔषधको नियन्त्रण जस्ता प्राथमिकतामा अझै चुस्त र प्रभावकारी काम गर्न आवश्यक रहेको बताए ।

हार्दिक बधाई

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व कार्यसमिति सदस्य **डमरु रिसोर्स प्रा.लि.**का सञ्चालक
**श्री मोहन ढुंगेलज्यू**ले
सामाजिक कार्यमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै सेप्टेम्बर २७ मा अक्सफोर्ड युनिभर्सिटी इंग्ल्याण्डमा ***Nelson Mandela Leadership Award 2023*** बाट सम्मानित हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।




**जंग इजाम**
**प्रबन्ध निर्देशक**
**एलोन ओभरसिज प्रा.लि.** परिवार
सिनामंगल-९, काठमाडौं

**धनगढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धनगढी, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मितिः २०८०।०६।१७ गते)**

यस नगरपालिकाको लागि तपसिलको सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा यस पदको लागि योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमको विवरण सहित यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ ।

**तपसिलः**

| क्र.सं. | पद | तह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | सूचना प्रविधि अधिकृत (IT Officer) | अधिकृतस्तर छैठौं | १ (एक) | |
| २. | कृषि अधिकृत | अधिकृतस्तर छैठौं | १ (एक) | |
| ३. | पशु अधिकृत | अधिकृतस्तर छैठौं | १ (एक) | |

१. **शैक्षिक योग्यताः**
(क) **सूचना प्रविधि अधिकृतको लागिः** लोक सेवा आयोगको वैकल्पिक सूचीमा परेका र मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technology वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIC, BEIT, BSc CSIT, BE Electronics and Communication Engineering, B-Tech Electronics and Communication Engineering) को उपाधि हासिल गरेको ।
(ख) **कृषि अधिकृतः** लोक सेवा आयोगको वैकल्पिक सूचीमा परेका र मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विषयमा स्नातक तह उत्तिर्ण भएको हुनु पर्नेछ ।
(ग) **पशु अधिकृतः** लोक सेवा आयोगको वैकल्पिक सूचीमा परेका र मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्साविषयमा B.Vsc & A.H/ BVSc वा सो सरहको स्नातक तह उत्तिर्ण नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाला पशु चिकित्सक हुनु पर्नेछ ।
२. **परीक्षाको किसिमः** (क) अर्न्तवार्ता ।
३. **पेश गर्नुपर्ने कागजातहरु** व्यक्तिगत विवरण सहितको निवेदन, नेपाली नगरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताका प्रमाणपत्र (नेपाल बाहिरको प्रमाण-पत्र भए, सम्बन्धित निकायहरुबाट Equivalence गरिएको प्रमाणपत्र), चरित्रिक प्रमाणपत्र, तालिम र कार्य अनुभवको प्रमाण-पत्रहरु १/१ प्रतिका दरले तथा हालसालै खिचेको पार्सपोर्ट साईजको फोटो ३ प्रति ।
४. **आवेदन बुझाउने स्थानः** धनगढीमाई नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, धनगढी, सिरहा ।
५. **तलब तथा अन्य सुविधाः** नेपाल सरकारले तोकेको रा.प. तृतीय श्रेणीको आधारभूत तलब सरह ।
६. **थप जानकारीको लागिः** कार्यालय समयभित्र यस कार्यालयमा वा कार्यालयको टेलिफोन नं.०३३-५४५२३८, ९८५२८३७९९९ मा सम्पर्क गर्न सकिनेछ ।

**नोटः "लोक सेवा वाट वैक्लपिक सूचिमा परेका उम्मेदवारहरुले मात्र आवेदन पेश गर्न पाउने छ । साथै पेश गरिने सबै कागजातहरुको प्रतिलिपीहरुको पछाडिपट्टि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।"**

**प्रमुख प्रशासकीय अधिकृत**

# गंगादेवकी तत्कालीन उपाध्यक्ष घर्तीसहित १३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असोज



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रोल्पाको गंगादेव गाउँपालिकाकी तत्कालीन उपाध्यक्ष रिता घर्तीसहित १३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले गैरकानूनी लाभ तथा हानी पुऱ्याइ भ्रष्टाचार गरेको आरोपमा गंगादेव गाउँपालिकाका तत्कालीन उपाध्यक्ष घर्तीसहित, निमित्त प्रमुख प्रशासकीय अधिकृत सकल देव यादव, योजना अधिकृत कृष्णबहादुर घर्ती, तत्कालीन इन्जिनियर नवीन डाँगी, सब इन्जिनियर रोशनी विष्ट, खानेपानी तथा सरसफाइ टेक्निसियन बल बहादुर बस्नेत, उपभोक्ता समितिका अध्यक्ष मनबहादुर डाँगी, सचिव खडक बहादुर डाँगी र कोषाध्यक्ष चन्द्रकुमारी डाँगी विरुद्ध मुद्दा दायर गरेको छ । यसैगरी वडा नम्बर २ का तत्कालीन वडाध्यक्ष भुपाल दमाई, वडा सदस्य टिका विक, गनबहादुर भण्डारी र वडा सचिव कुलबहादुर योगीविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए । आर्थिक वर्ष २०७६/७७ मा लगत अनुमान तयार भएर गाउँपालिकाबाट रकम विनियोजन एवम् उपभोक्ता समितिबीच सम्झौता गरी वास्तविक भएको कामभन्दा बढी काम गरेको भनी गलत प्रतिवेदन दिएर उनीहरुले गैरकानूनी ढंगले ४ लाख ६६ हजार ४८८ रुपैयाँ बढी भुक्तानी दिए-लिएको अख्तियारको ठहर छ । उनीहरूविरूद्ध भ्रष्टाचार निवारण ऐन २०५९को दफा ८ को उपदफा १ को ग र ङ बमोजिमको कैद र बिगो जरिवानामा माग दाबी गरिएको प्रवक्ता दाहालले बताए ।

## इन्जिनियर रानाभाटको अवैध सम्पत्ति ३ करोड

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय, लमही दाङका इन्जिनियर रामबहादुर रानाभाटविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा इन्जिनियर रानाभाटविरुद्ध बुधबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

रानाभाटले सार्वजनिक सेवामा स्थायी नियुक्ति लिएको मिति २०४६ हसार ३० देखि २०७९ मंसिर ६ गतेसम्मको समग्र आय तथा व्ययको विश्लेषण गर्दा ३ करोड १५ लाख ८१ हजार ६६ रुपैयाँ ८० पैसा बराबरको सम्पत्ति गैरकानूनीरुपमा आर्जन गरेको पुष्टि भएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

रानाभाटविरुद्ध ३ करोड १५ लाख ८१ हजार ६६ रुपैयाँ ८० पैसा बिगो कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग, दफा ३ र दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरीवाना र कैद सजाय हुन मागदाबी लिइएको प्रवक्ता दाहालले बताए ।

# बजार अनुमगन प्रभावकारी बनाउन सरकारलाई निर्देशन



**काठमाडौं/मस-** दशैं, तिहार, छठलगायत चाडबाडको बेला उपभोग्य वस्तुको सहज आपूर्ति व्यवस्थापनका लागि संघीय संसद् प्रतिनिधि सभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सरकारलाई निर्देशन दिएको छ ।

समितिको बुधबारको बैठकको निर्णय सुनाउँदै सभापति अब्दुल खानले चाडबाड लक्षित सहुलियत मूल्य पसलको संख्या बढाउन, कर्णालीलगायत दुर्गम जिल्लामा खाद्य वस्तुको अभाव हुन नदिन र बजार अनुगमनलाई प्रभावकारी बनाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिए ।

'चाडबाडलाई लक्षित गरी सरकारले देशका विभिन्न स्थानमा सहुलियत मूल्य पसल स्थापना गर्ने निर्णय गरेकामा त्यो स्वागतयोग्य छ । यस्ता सहुलियत पसल थप विस्तार गरी सबै नागरिकमाझ उपभोग्य वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउन समिति मन्त्रालयलाई निर्देशन दिन्छ', उनले भने, 'त्यस्तै, कर्णाली प्रदेशलगायतका विभिन्न दुर्गम जिल्लामा खाद्यान्न अभाव हुन नदिन र बजारमा अस्वाभाविक मूल्यवृद्धि, मिसावट, कालोबजारी, कृत्रिम अभाव लगायतका समस्या समाधान गर्न अनुगमनलाई प्रभावकारी बनाउन निर्देशन दिइन्छ ।'

बैठकमा नेपालमा उत्पादित सुपारीको निकासीमा देखिएका समस्याबारे सुपारी उत्पादक किसान र व्यवसायी तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग छलफल भएको छ । सुपारी व्यवसायको समग्र अवस्थाबारे सरोकारवालासँग थप जानकारी लिएर यस विषयमा समितिले थप अध्ययन गर्ने निर्णयसमेत गरेको छ ।

# इपिजी प्रतिवेदन सार्वजनिक गर्न विज्ञको सुझाव



**काठमाडौं/मस-** नेपाल-भारत प्रबुद्ध व्यक्तिहरुको समूह (इपिजी)को प्रतिवेदन सार्वजनिक गर्न विज्ञहरुले सुझाव दिएका छन् । राष्ट्रिय सभा अन्तर्गतको राष्ट्रिय सरोकार समितिको बुधबार बसेको बैठकमा उनीहरुले दुई देशबीचको सीमा निर्धारण प्रक्रियालाई टुंगोमा पुऱ्याइ आधिकारिकता दिनुपर्ने भनाइ राखे ।

नेपाल-भारतबीचको सम्बन्ध, अवसर, समस्या र समाधानका विषयमा धारणा राख्दै उनीहरुले दुई देशका प्राविधिक संयन्त्रले २६ वर्ष लगाएर तयार पारेको सीमा नक्सा कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिए ।

बैठकमा नेपाल-भारत प्रबुद्ध व्यक्तिहरुको समूह (इपिजी)का सदस्य एवम् पूर्वजलस्रोत सचिव सूर्यनाथ उपाध्यायले विवादित क्षेत्रबाहेक सीमा निर्धारण प्रक्रियालाई टुंगोमा पुऱ्याइ आधिकारिता दिन संसद्मार्फत सरकारलाई सुझाव दिए । उनले भने, 'सीमा निर्धारणअनुसार दशगजाको अतिक्रमण हटाउन, सम्भव भएसम्म एकातर्फी तारबार गर्न, सीमा र नियमनका सन्दर्भमा सर्वोच्च अदालतको संयुक्त इजलासको परमादेश कार्यान्वयन गर्न आवश्यक छ ।'

उनले नेपालमा रहेका भारतीयको अभिलेख स्थानीय तह र सम्बन्धित प्रहरी कार्यालयले राखी प्रत्येक छ महिनामा अद्यावधिक गर्न तथा श्रम कानूनको व्यवस्थाअनुसार श्रम स्वीकृतिलाई संगठित र असंगठित दुवै क्षेत्रमा प्रभावकारीरुपमा लागू गर्नुपर्ने बताए ।

उपाध्यायले सीमा नाका नियमन र व्यवस्थित नभएसम्म नेपालले लागुऔषध ओसार पसार, मानव बेचबिखन, आपराधिक क्रियाकलापलगायत शान्ति सुरक्षासम्बन्धी चुनौतीको सामना गर्नुपर्ने अवस्था कायम रहेकाले सदनमा यस्ता विषय प्रभावकारीरुपमा उठाइनुपर्नेमा जोड दिए । नेपाल-भारतबीच आवतजावतका लागि २६ वटा नाका रहे पनि खुला सीमा रहेकाले जहाँबाट पनि सीमा पार गर्न सकिने विषयलाई दुवै पक्षले बुझ्न जरुरी रहेको उनीहरुको भनाइ छ ।

नापी विभागका पूर्वमहानिर्देशक तोयानाथ बरालले दुई देशबीचको सीमा नियमनलाई एकीकृतरुपमा व्यवस्थित गर्न आवश्यक रहेको बताए । उनले सन् १९८२ देखि २००७ सम्म २६ वर्ष लगाएर तयार गरिएको एक सय ८२ स्थानको सीमासम्बन्धी नक्सा कार्यान्वयनमा ल्याउन सरकारलाई सुझाव दिए ।

# किसानको समस्याबारे रास्वपाले बुझायो ध्यानाकर्षण पत्र



**काठमाडौं/मस-** कृषि तथा पशुपन्छी विकासमन्त्री वेदुराम भुषाललाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को कृषि विभागले किसानका समस्याबारे ध्यानाकर्षण गराएको छ ।

रास्वपाको कृषि विभागका प्रमुख एवम् प्रतिनिधिसभा सदस्य अशोककुमार चौधरीले बुधबार मन्त्री भुषाललाई किसानको उत्पादित धान समर्थन मूल्यमा खरिद गर्न खाद्य संस्थानबाट एक पालिका एक खरिद केन्द्र स्थापना, बाढीबाट वाली प्रभावितलाई क्षतिपूर्तिको व्यवस्था, किसान सुरक्षा कोष लागू गर्नेलगायत नौ बुँदे ध्यानाकर्षण पत्र बुझाएका थिए ।

'जनआवाज सुन्नका लागी कैलालीको टीकापुर पुग्दा त्यहाँका कृषकको आवाजले कृषि क्षेत्र सरकारको नजरभन्दा बाहिर भएको महशुस भयो', मन्त्री भुषाललाई बुझाइएको ध्यानाकर्षण पत्रमा भनिएको छ, 'यहाँका बहुसङ्ख्यक नागरिकको मुख्य आयस्रोत कृषि हो । सो क्षेत्रलाई धान र फेरा खेतीको पकेट क्षेत्रका रूपमा लिइन्छ । आम जनताले न मल बेलामा पाउछन्, न त बिउ राम्रो पाउँछन्, न कृषि उपज सरकारले तोकेको समर्थन मूल्यमा किनिदिन्छ ।'

गाईभैंसीमा लाग्ने 'लम्पी स्किन' रोगविरुद्धको नक्कली भ्याक्सिन फैलिएको विषयमा छानबिन, स्थानीयस्तरमा उत्पादित कृषि उपजको तथ्याक संकलन तथा बजारीकरण कार्यमा सहजीकरण गर्नुपर्ने माग गरिएको चौधरीले बताए ।

उनका अनुसार कृषिमा सुलभ कर्जा, बीमा सहुलियत तथा सहज पहुँचका लागि बीमा कम्पनी, बैंक, वित्तीय संस्थासँग साझेदारीमा सुलभ कर्जा कार्यक्रम सञ्चालन, केरा खेतीमा देखिएको रोगको नियन्त्रणलगायत विषयमा सरकारको ध्यानाकर्षण गराइएको छ ।

'नेपाली माछा उत्पादक कृषकलाई प्रोत्साहन गर्न छिमेकी मुलुकबाट आयत हुने सम्पूर्ण माछामा अन्त शुल्क भ्याटको अनिवार्यता गर्न, मुडग्री माछाको विक्री वितरणमा रोक लगाउन र माछाको ओसार पसारलाई व्यवस्थित गर्न माग गर्दछौं', चौधरीले भने ।

# आजदेखि मौसम सुध्रिने



**काठमाडौं/मस-** जल तथा मौसम विज्ञान विभागले बिहीबारदेखि मौसम क्रमिकरूपमा सुधार हुँदै जाने जानकारी गराएको छ । विभागका मौसमविद् गोविन्द झाका अनुसार नेपालको पूर्वी क्षेत्रमा केही बदली बाँकी नै रहने र अन्य क्षेत्रबाट क्रमिक सुधार हुँदै जाने बताए ।

'तर पनि मंगलबार र बुधबारको जस्तो लगातार झरी हुन्न, केही समय पानी पर्ने र केही समय घाम पनि लाग्ने हुन्छ, पूर्वमा मात्रै अलिकति बाँकी छ, अब बिहीबारदेखि भारी वर्षा भने हुन्न,' उनले भने ।

विभागका अनुसार हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानमा रहेको छ । साथै नेपालमा हाल भारतको झारखण्ड आसपासको क्षेत्रमा रहेको न्यूनचापीय क्षेत्रकोसमेत प्रभाव रहेको छ ।

आगामी २४ घण्टामा कोसी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान र बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोसी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाकोसमेत सम्भावना रहेको छ ।

वर्षाका कारण त्यस क्षेत्रबाट बहने नदीको जलसतह हल्का बढ्नसक्ने, बाढी, पहिरो, भूक्षयजस्ता प्रकोप हुनसक्ने भएकाले जनस्वास्थ्य, कृषि, दैनिक जनजीवन, सडक तथा हवाई यातायातमा हुनसक्ने असुविधाका साथै चट्याङको जोखिमबाट हुनसक्ने क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध गरिएको छ ।

# चित्तलको मासु र भरुवा बन्दुकसहित एक जना पक्राउ

**बाँके/मस-** बाँके राष्ट्रिय निकुञ्जबाट चित्तलको मासु र भरुवा बन्दुकसहित एकजना पक्राउ परेका छन् । राप्तिसोनारी-२ टिकुलीपुरका ४८ वर्षीय टीकाराम जैसी पक्राउ परेका हुन् । उनलाई गत भदौ २४ गते नेपाली सेना र निकुञ्ज कर्मचारीको गस्ती टोलीले ७५ किलो चित्तलको मासु र भरुवा बन्दुकसहित पक्राउ गरेको निकुञ्जका सूचना अधिकारी अर्जुन भुसालले जानकारी दिए ।

उनका अनुसार जैसीलाई निकुञ्जभित्रको सुखार र खैरी खोलाको 'फायर लाइन'बाट चित्तलको मासु भाग लगाउँदै गर्दा पक्राउ गरिएको हो । उनीसँगै रहेका मदनबहादुर खत्री भने फरार रहेका छन् । निकुञ्जभित्रको हिरासतमा जैसीमाथि थप अनुसन्धान भइरहेको उल्लेख गर्दै भुसालले बताए । उनले भने, 'वन्यजन्तु चोरी शिकारी आरोपमा टीकारामलाई चित्तलको मासु भाग लगाउँदै गर्दा हाम्रो गस्ती टोलीले पक्राउ गरेको हो । ४५ दिनसम्म थुनामा राखेर अनुसन्धान गर्नुपर्ने भएकाले हामी अनुसन्धानकै क्रममा छौं ।'

फरार रहेका मदनबहादुर खत्रीको खोजी जारी रहेको उनले बताए । 'वन्यजन्तु चोरी शिकारी आरोपमा कसैलाई उम्कने छुट छैन । नेपालमै लुकेर बसे पनि अथवा नेपाल बाहिर जहाँसुकै गए पनि फरार रहेका मदनबहादुरको खोजी जारी नै भएको हुँदा उनलाई चाँडै नै पक्राउ गर्ने छौं,' उनले भने ।

गत वर्षको स्थानीय निर्वाचनमा राप्रपा नेपालको तर्फबाट वडाध्यक्षमा निर्वाचनमा भाग लिएका मदनबहादुरको नाम पटकपटक वन्यजन्तु चोरी शिकारीको आरोपमा मुछिँदै आएको थियो ।

# 'कागबेनी क्षेत्रको पुनर्निर्माणमा प्रदेश सरकारले सहयोग गर्छ'



**गण्डकी/मस-** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गत साउन २८ गतेको बाढीले क्षतिग्रस्त बनेको मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनी क्षेत्रको पुनर्निर्माणमा प्रदेश सरकारले सहयोग गर्ने जानकारी दिएका छन् । बाढी प्रभावित क्षेत्रको आज स्थलगत अवलोकन गर्दै उनले संघीय सरकार, स्थानीय तह र दातृ निकायसँग सहकार्य गरेर बाढीबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गरिने बताए । 'स्रोतसाधनले भ्याएसम्म प्रदेश सरकारले कागबेनीको पुनर्निर्माणमा सहयोग गर्छ, दातृ निकायबाट पनि सहयोग जुटाउन पहल भइरहेको छ, तीनै तहका सरकारको सामूहिक प्रयासबाट मात्रै कागबेनी क्षेत्रको पुनर्निर्माण छिटो र सहज हुन्छ', मुख्यमन्त्री पाण्डेले भने । उनले बाढीले क्षतिग्रस्त बनाएका भौतिक संरचना, गुम्बा, धर्मशाला लगायतको अवलोकन गरेका थिए । मुख्यमन्त्री पाण्डेले मुस्ताङ, मनाङलगायत हिमाली क्षेत्रको विकासका लागि प्रदेश सरकारले योजना र बजेट वृद्धि गरेको उल्लेख गरे । मुख्यमन्त्री पाण्डेसहित प्रदेशसभा सदस्य योगेश गौचन, विकल शेरचन, नाम्डु गुरुङ, बिमला गौचन, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटालगायतको टोलीले बाढी प्रभावित क्षेत्रको अवलोकन गरेको हो ।

**मलेसियामा रोजगार** | कम्पनी : SOLFAZ SDN BHD
शहर: Malaysia, Johor

पूर्व स्वीकृत मितिः २०८०/०६/१७ चलानी नं.: ६०२०८६६३ LT. No.: 293532

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० असोज २५ गते (12 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Indo Arab Manpower Pvt. Ltd.
Jawalakhel-20, Lalitpur, Tel:977-1-5439268,5439269 Fax :5439259
Gov. Lic no: 764/065/066 Mob.: 9801023474, Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com.np

**कतारमा रोजगार** | कम्पनी: GULF SERV WLL (ASSIYANA)
शहर: QATAR

पूर्व स्वीकृत मितिः २०८०/०६/१७ चलानी नं.: ६०२०८६६६ LT. No.: 293536

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 5 | स. काममा दक्ष | 1000 | ३६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० असोज २५ गते (12 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८००/०६५/०६६
प्रुडेन्सियल ओभरसिज प्रा. लि.
सिनामंगल, काठमाडौं, नेपाल, Tel:- 01-5918914
Mob.: 9802002035 | 9802002032



मध्यान्ह
www.madhyanhadaily.com
१८ असोज २०८०, बिहीबार
5 October 2023, Thursday

## सम्पादकीय

# सुरक्षित बासस्थानको प्रबन्ध जरुरी

बझाङ केन्द्रविन्दू भएर मंगलबार दिउँसो ६.३ म्याग्निच्युडको भूकम्प गएपछि पश्चिम नेपालमा त्रसित बनेका छन् । राष्ट्रिय भूकम्प मापण तथा अनुसन्धान केन्द्रको तथ्याङ्क अनुसार, उक्त भूकम्पपछि लगातार धक्का महशुस भइरहेको छ । बुधबार साँझसम्म ११ पटक भूकम्पको धक्का महशुस गरिएको छ । तर यी धक्काहरू ५ म्याग्निच्यूड वा त्यो भन्दा कम रहेको छ । यद्यपि लगातार आइरहेको धक्काले पश्चिम नेपालका बासिन्दा धुक्कले बस्न सकेका छैनन् । मंगलबार दिउँसो गएको भूकम्पको महशुस भारतको नयाँ दिल्लीसम्म गरिएको थियो । विशेषगरी सुदूरपश्चिमका बझाङ, बाजुरा, अछाम, डोटी, दार्चुला, बैतडी लगायतमा भूकम्पको धक्का बढी महशुस गरिएको थियो । उक्त जिल्लाहरू गरी ७६ वटा निजी घर पूर्ण रूपमा भत्किएका छन् भने ३०१ घरमा आंशिक क्षति पुगेको सरकारी तथ्याङ्क छ ।

सरकारी भवन ३२ वटामा क्षति पुगेको जनाइएको छ । तर यो भौतिक क्षति भन्दा बढी मानवीय त्रास देखिएको छ । मानिसहरूले घरभित्र निदाउन र बस्न सकिरहेका छन् । सरकारी अधिकारीहरूका अनुसार, २०७२ को भूकम्पमा मध्य तथा पूर्वी नेपालमा देखिएकै जस्तो त्रासदी अहिले पश्चिम नेपालमा छ । निरन्तर भूकम्पको धक्का महशुस गरिरहनु पर्दा पक्कै पनि मानवीय त्रास स्वभाविक छ । यस्तो बेलामा नागरिकलाई सुरक्षित बासस्थानमा लैजाने दायित्व राज्यको हो । यसलाई मनोवैज्ञानिक त्रास सिर्जना गरिएको रूपमा मात्रै बुझ्न हुन्न । किनकि ठूलो भूकम्प नजाने निश्चित कसैले गर्न सक्दैन । तसर्थ अहिले तत्काललाई सुरक्षित बासस्थान र उनीहरूलाई उपभोग्य सामग्रीको आवश्यक उपलब्धता जरूरी छ ।

फेरि पश्चिम नेपालमा ठूलो भूकम्प नगएको कयौ वर्ष भइसकेकाले वैज्ञानिकहरूले पनि सचेत रहन सुझाव दिदै आएका छन् । डोटी केन्द्रविन्दू भएर भूकम्प गएको केही समयभित्रै फेरि बझाङ केन्द्रविन्दू भएर भूकम्प गएको छ । तसर्थ आवश्यक सचेतता जरूरी छ । २०७२ को भूकम्पको सिकाइ पनि भूकम्प प्रतिरोधी संरचनामा नागरिकलाई राख्नु राज्यको दायित्व हो । २०७२ को भूकम्पमा भूकम्प प्रतिरोधी संरचना नहुँदा ९ हजार नागरिकले जीवन गुमाउनु परेको थियो । तसर्थ आवश्यक तयारीमा समय दिनु दीर्घकालीन विकल्प हो । यसतर्फ तीन वटै सरकारले आवश्यक पहलकदमी लिन जरूरी छ । भूकम्पबाट जोगिने शिक्षालाई पनि सँगसँगै अगाडि बढाउनु आवश्यक हुन्छ । अर्थात्, तत्काललाई सुरक्षित बासस्थान र राहत, क्षतिग्रस्त संरचना पुननिर्माणको पहलकदमी र दीर्घकालीन सुरक्षाबारे आवश्यक योजना निर्माणमा जुट्नु राज्यको दायित्व हो ।

# दशैंमा महँगीको त्रास

*स्वचालित मूल्यको आडमा ग्याँस, डिजेल, पेट्रोललगायतमा पनि मूल्य बढेको थियो, तर सरकारले रोक्यो । सरकारले चाहेको अवस्थामा मूल्य नियन्त्रण गर्न सजिलै सक्छ । पेट्रोलियम पदार्थमा दिइएको सहुलियत पनि एउटा दृष्टान्त हो । तर सरकारले अन्य कृत्रिम महँगीलाई रोक्न पहल गरेको छैन । दैनिक उपभोग्य सामग्रीमा गरिएको महँगीले सामान्य जनता चुल्हो बाल्ने अवस्थामा छैनन्, यसलाई सम्बोधन गर्नतर्फ सरकारको ध्यान गएको देखिन्न ।*

अग्रलेख



● गोविन्द विक

नेपालीरुको महान चाड विजय दशमी संघारमा छ । यही समय दैनिक उपभोग्य वस्तुको मूल्य दिनदिनै आकासिँदो छ । चामल, दाल, तेल, चिनी, मसला, तरकारीलगायतका खाद्यान्न सामग्रीको मूल्य निरन्तर वृद्धि भइरहेको छ । तर, सरकारले मूल्य वृद्धि नियन्त्रणमा कुनै चासो नै दिएको छैन । श्रमको ज्याला वृद्धि हुँदैन तर, खाद्यान्नको मूल्य वृद्धि निरन्तर हुँदा दैनिक मजदुरी गरी बिहान बेलुका छाक टार्ने वर्ग निकै मारमा परिरहेका छन् । हुनेखानेहरुका लागि खासै समस्या नरहेपनि हुँदाखानेहरुका लागि मूल्य वृद्धिले ढाड सेकेको तस्वीरहरु अगाडी देखिइरहँदा पनि सरकारको ध्यान मूल्य नियन्त्रण गर्नेतर्फ नजानु निकै दुःखद पक्ष हो । सर्वहारा वर्गको पक्षमा लडाईं गरेकाहरुको नेतृत्वमा छ सरकार तर, तिनै सर्वहारा वर्गको ढाड मूल्यवृद्धिले सेकिरहेको छ । नेतृत्व चाल नपाएजस्तो गर्छ ।

अरबौंका हाइड्रोपावरका कार्यक्रम भइराखेका होलान्, करोडौंका सडक योजना चलिराखेका होलान्, सरकारले भन्छ- विकास त भएकै छ । तर, सर्वसाधारण हुँदाखाने वर्गका लागि अरबौंका हाइड्रो पावर सञ्चालनसँग कुनै चासो र सरोकार हुँदैन किनकी बिहान बेलुका मजदुरी गरी छाक टार्नमै ठिक्क हुन्छ । सरकारले हुँदाखाने जनताले अनुभव गर्नेगरी हिजोपनि काम गरेको थिएन, आज पनि गरेको छैन र भोलि पनि गर्ने छाँट देखिन्न । हुँदाखानेहरुका लागि सरकार हैन, हुनेखानेहरुका लागि मात्र सरकार भनेजस्तो व्यवहारमा देखिइराखेको छ । जनस्तरका दुःखमा न सरकार गम्भीर बन्छ, न राजनैतिक नै गम्भीर बन्छन् । राजनैतिक दललाई एक अर्काको खोइरो खन्दैमा समय पुग्दैन, सरकारलाई हत्यारा छुटाउने तस्कर लुकाउने, राज्य दोहन गर्नेहरुलाई साथ दिने काम गर्दा नै फुर्सद नभएपनि जनस्तरका लोकहितका सवालमा ध्यान दिने कुरै भएन । जबसम्म देशका सबै राज्य संयन्त्रहरु जनमैत्री बन्दैनन्, जनमैत्री बन्ने अभ्यासमा लाग्दैनन्, तबसम्म सुशासन र समिृद्धिका कुरा बालुवामा महल जस्तै हो ।

जनमैत्री नभएको राज्य संयन्त्रले जनस्तरका पीडा र दुःखलाई कहिलै बुझ्दैन पनि र बुझ्ने कोसिस पनि गर्दैन । बजार अनुगमनको जिम्मेवारी स्थानीय तहलाई छ तर, स्थानीय तहहरुले प्रभावकारी बजार अनुगमन नगरिराखेको अवस्थामा माफियाहरुको चलखेल झनै उग्र हुँदै गइरहेको छ । जसका कारण सामान्य मान्छेलाई हातमुख जोर्न धौधौ भएको कुरा समाजमा छरपष्टै छ ।

जिरा मसिनो चामल २५ केजीको खुद्रा मूल्य २१ सयदेखि २३ सयसम्म पर्छ । एक केजी रातो दालको खुद्रा मूल्य १७० देखि १८५ सम्म छ । एक केजी गोलभेडाको मूल्य १ सय ५० सम्म छ । मासु र अण्डामा आत्मनिर्भर भएको पहिलै भनिएको थियो, मासु र अण्डाको मूल्य छोइसक्नु छैन । होलसेलमा मूल्य कम भयो भन्ने समाचार पनि नआएका होइनन् तर, आवश्यक सामग्रीको खुद्रा मूल्य कम भएकै छैन । यसको नियमन कसले गर्ने हो ? होलसेलमा मूल्य कम भएपछि खुद्रामा पनि सोहीबमोजिमको मूल्य कायम हुनुपर्ने हो तर, त्यसो भएको छैन । उपभोक्ताले तिर्ने मूल्य भनेको सामग्रीको खुद्रा मूल्य नै हो तर, त्यही मूल्य आकासिएपछि निम्नस्तरका जनताको दैनिकी कसरी सहज हुन्छ ?




*सरकारले कुन वस्तुमा, कुन निकायमार्फत, कसरी अनुदान दिन सक्छ, त्यसको नक्सांकन गर्नुपर्दछ । कुन वस्तुलाई कसरी आयात गर्ने र बजारमा कसरी सहजरुपमा बिक्री वितरण गर्ने भन्ने योजना राज्यले बनाउनुपर्छ । जबसम्म राज्यले बजारमा सकारात्मक हस्तक्षेप गर्दैन, तबसम्म बिचौलिया र कालाबजारीको प्रभाव कायमै रहन्छ ।*

यसतर्फ गम्भीर ध्यान दिने जिम्मेवारी सरकारको हो । स्वचालित मूल्यको आडमा ग्यास डिजेललगायतमा पनि मूल्य बढेको थियो तर, सरकारले रोक्यो । सरकारले चाहेको अवस्थामा मूल्य नियन्त्रण गर्न सजिलै सक्छ । पेट्रोलियम पदार्थमा दिइएको सहुलियत पनि एउटा दृष्टान्त हो । कतिपय अवस्थामा विचौलियाहरुले कृतिम अभाव देखाएर मूल्यवृद्धि गरिराखेका छन्, नियमन गर्ने निकाय बेखबर हुन्छ । दिनभरी बालुवा बोक्दा छ सय ज्याला पाउने मजदुरले कसरी दैनिकी चलाउँछ होला ? यसमा गम्भीर हुने कहिले हो ?

'मिसन २०८४' भन्नेहरुको पनि जनस्तरका सवालमा ध्यान खोइ ? चाडवाडमा उपत्यका छोड्नेहरुको भिड त्यत्तिकै छ । सडकको हालत उस्तै हो । चाडको बेला सडकको दुरदशाका कारण वर्षौंनी कयौं जनताहरुको ज्यान दुर्घटनाबाट गइरहेकै हुन्छ । यातायातको चाप हुने क्षेत्रहरुमा होटलहरुको महँगीले सीमा नाघेको हुन्छ । त्यसमा कसैको ध्यान नै हुँदैन । अखाद्य वस्तुको बिगबिगी नियमन गर्ने निकाय चालै पाउँदैन । स्थानीय तहले चाहाने हो भने राजमार्गका सबै होटेलहरुको महँगी नियन्त्रण गर्न सक्छ । चाडको बेला सबैतिरबाट मारमा पिल्सीरहने वर्ग भनेको नै हुँदाखाने वर्ग हो, जसको फेबरमा राज्य कहिल्यै भएन । सपना देखाउनेहरुको भिड समाजमा ठूलो छ तर, सपना पूरा गर्ने कोही छैन, जसका कारण वर्तमान परिवेशप्रति आम जनताको वितृष्णा बढिरहेको छ ।

सामाजिक सद्भाव खलबल्याउने तत्वहरु सक्रिय हुँदैछन् । नेतृत्वको असक्षमताले गर्दा व्यवस्थामाथि प्रहार हुन थालेको छ । धार्मिकरूपमा समाजलाई बिखन्डन गर्ने तत्वहरु नेपथ्यबाट सलबलाउन थालेका छन् । नेतृत्वमा बस्नेहरु नसच्चिने हो भने मुलुकलाई काण्डै काण्डको भूमरीमा फसाउदै लैजाने हो भने, जनताको पीडा र दुःखलाई नजर अन्दाज गर्दै जाने हो भने, अहिलेको व्यवस्था गुम्ने खतरा उत्तिकै बढ्दै जानेमा कुनै शंका नै छैन । जनताको चरम वितृष्णालाई सरकारले समयमै सम्बोधन गर्नुपर्दछ । दिनदिनै बढिरहेको मूल्यवृद्धि नियन्त्रणमा केन्द्रदेखि स्थानीय तहसम्मको सक्रियता बढाउनु पर्दछ । सरकारले कुन वस्तुमा, कुन निकायमार्फत, कसरी अनुदान दिन सक्छ, त्यसको नंक्सांकन गर्नुपर्दछ । कुन वस्तुलाई कसरी आयात गर्ने र बजारमा कसरी सहजरुपमा बिक्रि वितरण गर्ने भन्ने योजना राज्यले बनाउनुपर्छ । जबसम्म राज्यले बजारमा सकारात्मक हस्तक्षेप गर्दैन, तबसम्म बिचौलिया र कालाबजारीको प्रभाव कायमै रहन्छ ।

भइरहेको भ्रष्टचार र घुसखोरीलाई स्थानीय तहदेखि केन्द्र तहसम्म नियन्त्रण गर्ने संयन्त्र बनाउनु पर्दछ । राजनीतिको आडमा अपराधीलाई उन्मुक्ती दिने परिपाटीको संस्थागतरूपमै अन्त्य गर्ने हिम्मत गर्नुपर्दछ । कानुनभन्दा माथि कोही छैन, सरकारको नियन्त्रणभन्दा बाहिर कुनै पनि निकाय, संयन्त्र छैन भन्ने अनुभूत व्यवहारिकरूपमा सबैले गर्ने वातावरण बनाउनु पर्दछ । हुँदाखानेहरुका लागि पनि यो सरकार हो भन्ने अनुभूत गराउन जति ढिला गऱ्यो, त्यति नै सरकार कमजोर बन्दै जाने पक्का छ ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

लगानी, रोजगारी र उत्पादन के हो ? कसरी प्राप्त हुन्छ ? भन्ने राम्रो ज्ञान/अनुभव नभएको राजनीतिक नेतृत्वले केही दशकदेखि मुलुक हाँक्दाको परिणाम अब देखिँदै छ । उद्योग-व्यवसायीहरूमा यो तहको निराशा, उदाशिनता र छटपटि पहिले कहिल्यै नदेखिएको जानिफकारहरू बताउँछन् । देश चलाउनेहरूको आँखा खुलोस् !



**- डम्मर खतिवडा**

हेर्दै जानु होला, धर्मको राजनीति जति बढ्ने छ, उत्ति नै धार्मिक सद्भाव बिथोलिने, साम्प्रदायिक हिंसा बढ्नेछ । धर्मको राजनीतिको उद्देश्य र बाटो नै धार्मिक विभाजन, ध्रुवीकरण, घृणा र संघर्ष हो । यसबाट बच्ने हो भने धर्मलाई निजी आस्थामै रहन दिनुपर्छ, राजनीतिक मुद्दा बनाउन हुन्न ।



**- कृष्ण घिमिरे**

संसदको एक बैठकमा करिब १० लाख खर्चहुन्छ । तर, प्रतिफल शून्य । संसदको काम विधायिकी, तर विधायिकी काम शून्य, खाली अर्थहिन तुजुब देखाउने थलो । कसैलाई २ मिनेटको समय, कसैलाई २ घण्टा उपलब्धिबिहीन आत्मरञ्जना गर्न । विभेदी नीति । बिजिनेस फोकस नभएको भद्दा र बिजिनेस नबुझेका अनुपयुक्त पात्रको हुल संसद ।




**- विश्वरसिंह मेवाहाङ**

दिउँसै खुँडा हानेर ज्यान मार्ने हत्यारालाई आममाफी दिने देशको नागरिक हुनुमा लज्जाबोध र घृणाले शीर ठाडो पार्न सकिएको छैन । यो देश राणा शासनभन्दा पनि कालो शासनमा चलिरहेको छ । क्रान्तिकारी भनिने प्रधानमन्त्री र सादगी भनिने राष्ट्रपतिको यो अपराध कर्ममा कसले घाँटी जोड्यो ? समयले बताउला ।

## तपाईको राशिफल


| | |
|---|---|
| मेष : | जोखिम लिनु हुँदैन । दाम्पत्य जीवनमा समझदारी ढंगबाट अगाडि बढ्नेछ । |
| वृष : | नाता गोतासित भेट हुनेछ । आयमा वृद्धि हुनेछ । |
| मिथुन : | सामाजिक सहयोग बढ्नेछ । सन्तान सुख प्राप्त हुनेछ । |
| कर्कट : | दैनिक जीवन सुखी रहनेछ । लेनदेनमा सावधानी राख्नुपर्छ । |
| सिंह : | पारिवारिक खुशी प्राप्त हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । |
| कन्या : | साहसी कार्य सफल हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ । |
| तुला : | राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ । मनोबल उच्च रहनेछ । |
| वृश्चिक : | काम बन्ने योग छ । प्रतिस्पर्धीमाथि विजय प्राप्त हुनेछ । |
| धनु : | कुनै पनि कार्यमा हतार नगर्नु होला । वाहन सावधानी राख्नुहोला । |
| मकर : | धार्मिक कार्यमा सहभागिता बढ्नेछ । प्रभावमा वृद्धि हुनेछ । |
| कुम्भ : | सम्पर्कमा वृद्धि हुनेछ । पुराना काम सफल हुनेछ । |
| मीन : | स्वास्थ्यमाथि ध्यान दिनुहोला । कार्य सफल हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नेतृत्वको परीक्षा

विचार



● लेखराज रेग्मी

*साल्भाडोर एलेण्डे सशस्त्र युद्धको नीति छोडेर चुनावबाट जितेर समाजवाद लागू गर्न चाहन्थे । निर्मल लामाका अनुसार यस्तो स्थितिमा जनताको जुझारु चेतना, संगठित ऐक्यबद्धता र निरन्तरको वर्ग संघर्षको कार्यक्रम चलाउँदै रहनुपर्छ । सायद एलेण्डे यही सवालमा चुके । के हामी इतिहास वर्तमानका घटनाबाट सिक्न तयार छौं ?*

भारत भ्रमणबारे प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई नीचा देखाउन र बदनाम गर्न सबैभन्दा बढी उनीहरु लागे, जो पालित पोषित थिए । यसले दिने सन्देश भनेको भारतीय क्षेत्रीय प्रभुत्ववादका नेपाली आत्मघाती दस्तासँग जनताले सबै मायामोह तोड्न र तदनुकुल व्यवहार गर्न सक्नुपर्छ । पहिलो विश्वयुद्धको जगमा बृटिश साम्राज्यवादको दम्भ र अमेरिकी क्रुर बुर्जुवा साम्राज्यवादी महत्वाकांक्षासँग नाजीवादी फासिवादी प्रवृत्तिको टक्कर थियो । यसैसँग खेलेर लेनिनले समाजवादी सत्ता स्थापना र स्टालिनले यसको रक्षा गर्न सकेका हुन् । तर, महान् रुसी जनता तथा औपनिवेशिक शासनबाट मुक्ति चाहने दुनियाँका जनताको बलिदानी संघर्षको उच्च मूल्यांकन गरिनुपर्छ, जसले फासिज्मलाई परास्त गऱ्यो र साम्राज्यवावादी बर्बरताबाट विभिन्न देशहरुलाई आजादी दियो ।

भारतीय पुँजीपति वर्ग बृटिश र अमेरिकी साम्राज्यवादका अवशेषमा टेकेर विश्व साम्राज्यवादको एकाई बन्ने महत्वाकांक्षा तथा क्षेत्रीय प्रभुत्ववादी सोंचका कारण छिमेकीहरु प्रतिको दृष्टिकोण स्वार्थी, अवसरवादी र हेपाहा बनिरह्यो । भारतीय कांग्रेस पार्टीसँगको भाइचारा सम्बन्ध र कम्युनिष्टविरोधी चिन्तन तथा विचारधाराका कारण नेपाली कांग्रेस पार्टीमा भारत परस्त संस्कृति हाबि हुने र नेपाली जनसम्प्रभूतासँग संत्रस्त भइरहने स्थिति बन्यो । काङ्गेस आई र इमर्जेन्सीको विरोधको समय यस्तो समय थियो, चाहेको भए नेपाली प्रजातान्त्रिक तथा देशभक्तिपूर्ण आन्दोलनको उन्नयनमा नेपाली कांग्रेसको भूमिका बरद स्थितिमा पुग्न सक्थ्यो । त्यतिबेला नेपाली कम्युनिष्ट आन्दोलनको नेतृत्व गरिरहेका मोहनविक्रम र निर्मल लामा २००७ को क्रान्तिको समयमा नेपाली कांग्रेसमै महत्वपूर्ण भूमिका निर्वाह गरेका व्यक्तिहरु थिए । राजनीतिक ढंगले एउटा प्रतिबद्धतामा उभिन कांग्रेस तत्पर रहेको स्थितिमा नेपाली राजनीतिमा स्वाभिमान राष्ट्रवाद र प्रजातान्त्रिक पद्धति एकसाथ विकास हुनसक्थ्यो ।

इतिहासमा २००७, २०३६, २०४६ र २०६२/६३ को आन्दोलनमा जे जति जीत हासिल भएका छन्, सबै कांग्रेस-कम्युनिष्ट गठबन्धनको कारण भएका हुन् । नेपाली कांग्रेस २०१८, २०२८का विद्रोहको असफलताको कारण निरंकुशता विरोधीभन्दा बढी भारतको सहारामा राजालाई झुकाएर उदाउँदो कम्युनिष्ट शक्तिलाई निषेध गर्ने चिन्तन नै थियो भन्ने पुष्टि भएको छ । यो स्थितिलाई २०४६मा नेता गणेशमाले तोडे तर, आन्दोलनको बिचमै कांग्रेसको ध्रुविकरण कम्युनिष्टसँगको सहकार्यको बिरोधमा देखियो र राजा कांग्रेस सहमतिका कारण गणतन्त्रको सम्भावना टऱ्यो । सायद जीवनको पछिल्ला दिनमा यो गल्ती गिरिजाले महसुस गरे तर, पारिवारिक घेराबन्दीसँगै बलियो बनिरहेको कम्युनिष्ट विरोधी चिन्तनले उनीलाई कमजोर बनायो । यसको परिणाम २०६४को चुनावले संकेत गऱ्यो ।

खड्गप्रसाद ओली एमालेको नेता बनिसकेपछि उनीमा पलाएको दम्भ र २०६४को निर्वाचन परिणामको संकेतलाई बुझ्नभन्दा अहंकार र दम्भ बढ्नुका कारण कम्युनिष्ट तथा बामधारामा अपेक्षित एकता बन्न सकेन । यसरी त्रिधुब्रीय शक्ति संघर्षमा खेल्दै भारत आज जुन स्थितिमा नेपालमाथि हाबि हुनथालेको छ, आईपिएस र एमसिसी विरोधी संघर्षमा माओवादी धाराको बहुल उपस्थिति देखिएको कारण यतिबेला माओवादी धारालाई राष्ट्रिय राजनीतिबाट ओझेल पार्ने इण्डो अमेरिकी खेल जसरी चलिरहेको छ, प्रचण्डको भारत र अमेरिका भ्रमण तथा संचार क्षेत्रको नेपाली सम्प्रभुताको प्रतिनिधिको रूपमा भ्रमणमा गएको सरकार प्रमुखको बारेमा नेपाली मिडियामा जुनखालको नग्न त प्रदर्शन भएको छ, सायद चीन पुग्दा स्वयम् प्रचण्डलाई पनि महसुस भएको हुनुपर्छ । यो भ्रमणले दिएको शिक्षा एउटै हो, तपाईं जति स्वाभिमानपूर्वक उभिन सक्नुहुन्छ, देश र जनताको पनि स्वाभिमानको प्रतिनिधित्व गर्न सक्नुहुनेछ । साल्भाडोर एलेण्डे सशस्त्र युद्धको नीति छोडेर चुनावबाट जितेर समाजवाद लागु गर्न चाहन्थे । निर्मल लामाका अनुसार यस्तो स्थितिमा जनताको जुझारु चेतना संगठित ऐक्यबद्धता र निरन्तरको वर्ग संघर्षको कार्यक्रम चलाउँदै रहनुपर्छ । सायद एलेण्डे यही सवालमा चुके । आउनोस्, इतिहासबाट सिक्नु भनेको पाठ दोहराउनु होइन जीवनमा लागु गर्नु हो । के हामी इतिहास वर्तमानका घटनाबाट सिक्न तयार छौं ? होइन भने हामीले या त वदनाम हुन तयार हुनुपर्छ वा साल्भाडोर एलेण्डे बन्न ।



हुम्लामा आज अन्तर्राष्ट्रिय कोदो दिवस मनाइँदै

# आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १७ असोज

हुम्लामा आज अन्तर्राष्ट्रिय कोदो दिवस मनाइँदैछ । दिवसका अवसरमा कर्णाली प्रदेश कृषिमन्त्री भिम प्रकाश शर्मा हुम्ला आइपुगेका छन् । हिमाली जिल्ला हुम्लामा २०२३ अन्तर्राष्ट्रिय कोदो दिवसको प्रमुख अतिथिको भूमिका निर्वाह गर्न कृषि मन्त्री शर्मा हुम्ला आइपुगेका कृषि विकास कार्यालय हुम्लाका निमित्त कार्यालय प्रमुख धर्म बहादुर शाहीले बताए ।

अन्तर्राष्ट्रिय कोदो दिवसमा नेपालले पहिलो पटक मनाउन लागेको हो । सोही अनुसार हुम्लामा समेत पहिलो पटक कोदो दिवस मनाइँदैछ । कर्णालीका जिल्लामा धेरै उत्पादन हुने प्राङ्गारिक खाद्यतत्व उत्पादन हुने भएकाले पनि कोदो मात्र नभएर अन्य बालिको पनि प्रचार-प्रसार हुने भएकाले पहिलो पटक कोदो दिवस मनाउन लागिएको हो ।

कोदो दिवसको अवसरमा सदरमुकाम सिमकोटमा विशेष कार्यक्रम गरिन लागिएको सिमकोट गाउँपालिका कृषि शाखा प्रमुख नेत्र बहादुर शाहीले बताए । कोदो दिवसमा कृषि मन्त्री शर्मालाई प्रमुख अथितिको रुपमा हुम्लाको प्राङग्रारिक खाद्यतत्वले हुम्लामा मात्र नभएर जिल्ला बाहिर यसको निर्यात हुने, हुम्लाका किसानले आर्थिक रुपमा सहयोग पाउने उदेश्यसहित कृषि मन्त्रीलाई हुम्ला बोलाइएको हो ।

कोदो दिवसमा जिल्लामा उत्पादन कोदो,काहुनो, चिनो, लट्टे जस्ता खाद्य तत्वहरुको प्रदर्शन गरिनेछ । दिवसमा कोदोका परिकार बनाएर सहभागीहरुलाई खुवाउने र कोदोबाट परिकार बनाएर जिल्ला बासिहरुलाई परिकारको बारेमा जानकारी गराउने सिमकोट गाउँपालिका अध्यक्ष बिजय भण्डारीले बताए ।

अध्यक्ष भण्डारीले परिकार पनि हुने, जिल्लामा उत्पादन भएको खाद्यान्न जिल्ला बाहिर निर्यात भएपछि आर्थिकमा टेवा पुग्ने उदेश्यले अन्तर्राष्ट्रिय कोदो दिवस मनाइन लागिएको अध्यक्ष भण्डारीले बताए । कोदो दिवसमा उत्कृष्ट हुम्लाका तीन जना किसानलाई पनि पुरस्कारको व्यवस्था गरिएको छ । दिवसमा मन्त्रालयका सचिव नरहरि प्रसाद घिमिरे, क्षेत्रिय कृषि विकास निर्देशक चित्र बहादुर रोकाय, महाशाखा प्रमुख धन बहादुर कटायत लगायतको टोली जिल्ला बाहिरबाट आएका छन् । सिमकोट विमानस्थलमा आएका सो टोलीलाई प्रदेश सांसद जुम्कित लामा, समन्वय प्रमुख, प्रमुख जिल्ला अधिकारी, कृषि कार्यालय प्रमुख, सिमकोट गाउँपालिका अध्यक्ष लगायतले स्वागत गरेका थिए ।


## चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेल्टार, उदयपूर
कोशी प्रदेश, नेपाल

### आ.व.२०८०/०८१ को लागी ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोबस्ती सम्बन्धी ३० (तीस) दिने (बढाबढ) (e–Bid तथा Hard copy) बोलपत्र आव्हानको सूचना

**कार्यालयमा प्रथम पटक सूचना प्रकाशित मितिः २०८०।०६।१८**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम चौदण्डीगढी नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७, बमोजिम नगर कार्यपालिकाको कार्यालयले प्रारम्भिक वातावरणीय प्रभाव प्रतिवेदन (IEE Report) स्वीकृत भएका स्थानहरुबाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा बिक्री शुल्क असुल गर्न कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८० को दफा ७ को उपदफा १ सँग सम्बन्धित अनुसूची ५ बमोजिमको दररेटमा तथा यस चौदण्डीगढी नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार तपसिल बमोजिमको खोला, नदी, नालाहरुबाट ढुंगा, गिट्टी, बालुवा संकलन तथा बिकी शुल्क उठाउने ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको अवधिभित्र रीतपूर्वकको **(बढाबढ) बोलपत्र** आव्हान गरिएको छ ।

तपसिल :
चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र खोला तथा नदीहरुबाट उत्खनन गरिने नदीजन्य पदार्थको विवरण

| बोलपत्र न./सूचना/ ठेक्का न. | सि.न. | खोला तथा नदीको नाम | ढुंगा घ.मि. | ग्राभेल घ.मि. | वालुवा घ.मि. | जम्मा परिमाण घ.मि. | न्युनतम कबोल अंक मु.अ.कर. वाहेक (धरौटि रकम कबोल अंक ५ प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| आय ठेक्का नं १४/०८०/०८१ वालुवा | १ | त्रियुगा खोला वडा ५ (१) | ० | ० | २२,३२९ | २२,३२९ | ४७,३०,६२१/- (अक्षरूपी सत्चालीस लाख तीस हजार छ सय एक्काइस रूपैयाँ) |
| | २ | त्रियुगा खोला वडा ५ (२) | ० | ० | ४२,९२१ | ४२,९२१ | ९०,९३,२४३/- (अक्षरूपी नब्बे लाख त्रियानब्बे हजार दुई सय त्रिचालिस रूपैयाँ) |
| | ३ | त्रियुगा खोला वडा ९ (३) | ० | ० | १३,४१२ | १३,४१२ | २८,४१,४६६/- (अक्षरूपी अट्ठाइस लाख एक्चालिस हजार चार सय छैसट्ठि रूपैयाँ) |
| | ४ | त्रियुगा खोला वडा १० (४) | ० | | ५,३३२ | ५,३३२ | ११,२९,६३७/- (अक्षरूपी एघार लाख उनान्तीस हजार छ सय सैतीस रूपैयाँ) |
| | ५ | देवधार त्रियुगा दोभान खोला वडा न. १० (५) | ० | ० | २,५३४ | २,५३४ | ५,३६,८५३/- (अक्षरूपी पाँच लाख छत्तीस हजार आठ सय त्रीपन्न रूपैयाँ) |
| | **जम्मा** | | | | | **८६,५२८** | **१,८३,३१,८२२/- (अक्षरूपी एक करोड त्रियासी लाख एकतीस हजार आठ सय बाइस रूपैयाँ)** |
| **बालुवाको सि.न. १ देखि ५ सम्म एकमुस्ट वा कुनै एक क्षेत्र वा एक भन्दा बढी क्षेत्रमा आंशिक रुपमा पनि बोलपत्र कबोल गर्न सकिनेछ ।** | | | | | | | |
| आय ठेक्का नं १५/०८०/०८१ ग्राभेल/ढुंगा | १ | चप्लेटि/माडीवास खोला (१) र (२) | २३,१३२ | ९,९१३ | ० | २५,००० | **९३,६४,५३०/- (अक्षरूपी त्रियानब्बे लाख चौसट्ठी हजार पाँच सय तीस रूपैयाँ)** |
| | २ | लामा खोला (१) | २,८५० | १५,१९५ | ९४९ | १०,००० | |
| | ३ | काली खोला | ० | २,५९९ | २८८ | २,८८७ | |
| | **जम्मा** | | | | | **३७,८८७** | |
| आय ठेक्का नं १६/०८०/०८१ ग्राभेल/ढुंगा | १. | द्वार खोला ५ र ६ (१) | ० | २०,००० | ० | २०,००० | **५३,९५,२२६/- (अक्षरूपी त्रिपन्न लाख पन्चानब्बे हजार दुई सय छब्बीस रूपैयाँ)** |
| | २. | देवधार खोला | ० | १,२८० | ५४८ | १,८२८ | |
| | **जम्मा** | | | | | **२१,८२८** | |

**ठेक्का सम्बन्धि शर्तहरुः**

१. बोलपत्र फारम खरिद गर्दा फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपी, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७८/०७९ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
२. बोलपत्र फारम दस्तुर प्रत्येक ठेक्काको लागि **रु. ३०००।- (तीन हजार)** मात्रको नगदी रसिद बुझाई वा यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंकमा आन्तरिक राजश्व खाता नं. २३७०१००३०१०१०००२ मा दाखिला गरेको सक्कल भौचर सहित यस नगरपालिकाबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र बोलपत्र फारम खरिद गरिसक्नु पर्नेछ ।
३. बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले **३१औं** दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र यस नगरपालिकामा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुन आएको शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० बजे नगरपालिकाको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
४. अधिकार प्राप्त प्रतिनिधिमार्फत बोलपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (**Power of Attorney**) पेश गर्नु पर्नेछ ।
५. बोलपत्र फारम साथ आफुले कबोल गरेको कुल अंकको फर्म वा कम्पनीले ५ प्रतिशत धरौटी रकम यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक बेल्टार शाखामा रहेको **धरौटी खाता नं. २३७०१००३०३००००२** मा जम्मा गरि सोको सक्कल भौचर वा यस नगरपालिकाको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा १२० दिन समयावधी भएको बैंक ग्यारेण्टी (विडवण्ड) पेश गर्नुपर्नेछ ।
६. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम बोलपत्र फारममा अंक र अक्षरमा स्पष्ट रुपमा लेखि सहि छाप गरि खामबन्दी गरि शिल लाहाछाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना, सम्पर्क नं. र ठेक्का नं. लेखी बोलपत्र फारम दर्ता गराउनु पर्नेछ ।
७. बोलपत्र फारममा भरेको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
८. बोलपत्र फारम खरिद गर्ने तथा दर्ता गराउने, खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको लगतै कार्यालय खुलेको तत् तत् दिन र समयमा गरिनेछ ।
९. पेश भएका बोलपत्रदातामध्ये सारभूत रुपमा प्रभावग्राही सबै भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।
१०. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको १५ दिनभित्र सम्बन्धित बोलपत्रदाता वा फर्मले नियमानुसार अग्रीम आयकर तथा मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।
११. बोलपत्रदाताले आफूले कबोल गरेको रकम एकमुष्ट नबुझाएमा कबोल गरेको कूल रकममा (भ्याट समेत जोडी) तीन किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्ता आफूले कबोल गरेको अंकको ४० प्रतिशत रकम सम्झौताको समयमा यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, बेल्टार शाखामा रहेको **राजश्व विभाज्य कोष खाता नं. २३७०१००३०६०१०००२ मा** जम्मा गरेको सक्कल भौचर/बैंक स्टेटमेन्ट र बाँकी ६० प्रतिशत रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनुपर्नेछ । सो दुई किस्ता बापतको दोस्रो किस्ता बापतको रकम ३० प्रतिशत २०८० माघ मसान्तसम्म र तेस्रो किस्ता बापतको रकम ३० प्रतिशत २०८० चैत मसान्तभित्र जम्मा गरि सक्नुपर्नेछ । दोस्रो र तेस्रो किस्ताको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" श्रेणीको बैंकबाट यस नगरपालिकाको नाममा जारी भएको दोस्रो र तेस्रो किस्ता बराबरको रकमको लागि **२०८१ असार १५** गतेसम्म समयवाधी भएको **बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड)** सम्झौता गर्दाकै समयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । सम्झौता बमोजिमको रकम पुरै वा बैंक ग्यारेन्टी मार्फत उपलब्ध नभएमा सम्झौता गरिने छैन ।
१२. ढुंगा, गिट्टी, बालुवा उत्खनन् गरिने ठेक्काको अवधि बोलपत्र दातासँग सम्झौता भएको मिति देखि **२०८१ जेष्ठ मसान्तसम्म मात्र** रहनेछ ।
१३. ठेक्का सम्झौता भैसकेपछि बन्द, हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाहा माफी दिइने छैन ।
१४. **ढुङ्गा र गिट्टीको** लागि बिक्री तथा वितरण शुल्क (मू.अ.कर बाहेक) **प्रति क्यूट फिट रु.७।०० रुपैयाँ वा प्रति घ.मी. रु. २४७।१७ र वालुवाको** लागि संकलन तथा बिक्री शुल्क (मू.अ.कर बाहेक) **प्रति क्यूट फिट रु. ६।०० रुपैयाँ वा प्रति घ.मी. रु. २११।८६** रहेकोमा १३ प्रतिशत (मू.अ.कर) समेत जोडी लिन पाउनेछ ।
१५. यस नगरपालिकाले निर्धारण गरेको परिमाण र दररेट भन्दा बढी उत्खनन् तथा असुल गरेमा नियमानुसार कारवाही गरी ठेक्का रद्द समेत गर्न सकिनेछ ।
१६. ठेकेदारले ठेक्का भोग चलान गर्दा यस नगरपालिकाको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
१७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहीत हुनेछ ।
१८. कुनै पनि शर्त राखि पेश भएको, हुलाक मार्फत पठाएको, केरमेट भएको, सही छाप नभएको, म्याद नाघी दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन ।
१९. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा प्रचलित ऐन, कानुन, नियम, कार्यविधि वा निर्देशिकाको परिधिभित्र रहि यस नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
२०. उत्खनन् भएको नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा संकलन तथा बिक्री वितरण गर्दा स्थानीय उपभोक्तालाई प्राथमिकता दिई जिल्ला बाहिर विक्री वितरण गर्न पाउनेछ । साथै नम्बरी आवादी जग्गामा प्रक्रिया पुराई उत्खनन गरेको तथा खोला नाला बाहिरको क्षेत्रबाट उत्खनन र संकलन गरिएको ढुंगा, गिट्टी, बालुवाको राजश्व ठेकेदारले लिन पाउने छैन ।
२१. सम्मानीत अदालत, नेपाल सरकार, राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति र यस नगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालाना गर्नु/गराउनु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । नीति, निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले नगरपालिकासँग गर्न पाउने छैन ।
२२. कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८० को अनुसूची ५ बमोजिम संकलन तथा विक्री शुल्क वापतको एकमुष्ठ रकम नगरपालिकामा बुझाएमा प्रदेश कानूनअनुसार नगरपालिकाबाट पहिलो प्राथमिकता दिई १० प्रतिशत छुट गरी ठेक्का सम्झौता गरिनेछ । यसका लागि रकम बुझाउन पूर्व ठेक्का कबोल रकमको **१३ प्रतिशत मू.अ.कर र १.५ अग्रिम आयकर** सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्नेछ ।
२३. नदीजन्य पदार्थ उत्खनन् संकलन र बिक्री बितरण गरेको परिमाणको छुट्टाछुट्टै दैनिक अभिलेखीकरण राखी एकिन परिमाणको विवरण **१५/१५ दिनमा** अनिवार्यरुपमा रसिदको अर्धकट्टीसहित नगरपालिकाको कार्यालयमा प्रमुख प्रसाशकीय अधिकृतमार्फत् राजश्व शाखामा पेश गर्नुपर्नेछ । तोकिएको परिमाणभन्दा बढी उत्खनन् गर्न पाइने छैन ।
२४. ठेक्कासँग सम्बन्धित कर/शुल्क रसिदहरु ठेक्काको शीर्षकअनुसार छुट्टाछुट्टै **३/३ प्रति** नगदी रसिद ठेक्केदार स्वयंम् आफैले छपाई गरी कार्यालय प्रमुख वा नीजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई प्रयोग गर्नुपर्नेछ । नगरपालिकाबाट प्रमाणित नगरी रसिद प्रयोग गरिएको पाइएमा नियमानुसार कारवाही हुनेछ ।
२५. नदी तथा खोला खहरेहरुमा बाढी पहिराका कारणले नदीजन्य सामग्री थुप्रिन गई विपद् दृष्टिले जोखिम हुनसक्ने प्राविधिक प्रतिवेदन प्राप्त भएमा नगरपालिकाले विपद् व्यवस्थापन समितिबाट निर्णय गराई सो क्षेत्रबाट आफै सामग्री उत्खनन, संकलन गर्नेछ ।
२६. ठेक्केदारले ठेक्का सम्झौता पश्चात नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री वितरण गर्नु पूर्व प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत भएका नदी तथा खोलाहरुमा अनिवार्यरुपमा स्थानीय जननिर्वाचित पदाधिकारी, सरकारवाला व्यक्ति तथा जिल्ला अनुगमन समिती वा प्रतिनिधीहरुको संयुक्त रोहोवरमा चारकिल्ला रेखाङ्कन प्रमाणित समेत गरी होडिङ वोर्ड राख्नुपर्नेछ ।
२७. सूचनामा उल्लेखित परिमाण भन्दा बढी नदीजन्य पदार्थ ठेकेदारले उत्खनन् गरी बिक्री वितरण गर्न पाउने छैन । यदि उल्लेखीत परिमाण भन्दा बढी विक्री वितरण गर्नु परेमा स्वीकृतको परिमाणभित्रबाट यस नगरपालिकाबाट पुनः स्वीकृती लिई थप परिमाणको आधारमा कबोल गरेको दररेट बमोजिम रकम दाखिला गरी नदीजन्य पदार्थ बिक्री वितरण गर्न न.पा.को निर्णयअनुसार अनुमति लिनुपर्नेछ ।
२८. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका फर्म/कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
२९. बोलपत्रदाताले वालुवाको सि.न.१ देखि सि.न. ५ सम्म एकमुष्ठ वा कुनै एक क्षेत्र वा एक भन्दा बढी क्षेत्रमा आंशिकरुपमा पनि बोलपत्र कबोल गर्न सकिनेछ । सोको ठेक्का कबोल अंकको ५ प्रतिशत धरौटी रकम छुट्टाछुटै पेश गर्नुपर्नेछ ।
३०. यसमा उल्लेख भएका कुराहरु सोही बमोजिम र उल्लेख नभएको कुराहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।
३१. विस्तृत जानकारीका लागि यस चौदण्डीगढी नगरपालिका बेल्टार, उदयपुरको वेबसाइट **www.chaudandigadhimun.gov.np, Facebook** पेज सूचना पार्टी र सम्पर्क नं ०३५४४०२४७ वा राजश्व शाखाको मो. न.९८४२६७९००५ मा सम्पर्क गर्न सकिनेछ । साथै बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यको आधिकारिक वेवसाइट **PPMO e-G bolpatra.gov.np/egp.** बाट बोलपत्रसम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्ने व्यवस्था रहेको छ ।

**नि.प्रमुख प्रशासकिय अधिकृत**

# चाडपर्व नजिकिँदै गर्दा डोल्पामा नुनको अभाव

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, १७ असोज




हिमाली जिल्ला डोल्पामा नुनको अभाव हुन थालेको छ । नेपालीहरुको महान चाड विजमीदशमी तथा तिहार नजिकिँदै गर्दा नुनको अभाव हुन थालेपछि डोल्पावासी चिन्तामा छन् ।

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका १ का स्थानीयले नुन लिन सदरमुकाम जानुपर्ने भएपछि समस्या भएको गुनासो गरेका छन् । सदरमुकाम दुनैस्थित साल्ट ट्रेडिङले प्रतिपरिवार २ केजीको दरले नुन बिक्री गर्दै आइरहेको छ । सरकारले सहुलियत दरमा अनुदान दिएको २ केजी नुन खरिद गर्न दुईदेखि तीन हजार रुपैयाँसम्म खर्च हुने गरेको त्रिपुरासुन्दरी १ का राजीमान बुढाले बताए । यसरी हेर्दा एक केजी नुनको मूल्य एक हजार रुपैयाँभन्दा बढी पर्ने गर्छ ।

साल्ट्र ट्रेडिङ डोल्पा डिपोका अनुसार भनेजति नुन दिएको खण्डमा डोल्पामा नुन नै अपुग हुने भएका कारण सबैलाई मिलाएर दिनु परेको हो । अहिख्ले डोल्पामा साल्ट ट्रेडिङको एउटा डिपोसहित ५ वटा बिक्री केन्द्र रहेका छन् । यी पाँच वटै बिक्री केन्द्रमा नुनको ढुवानी नभएपछि अभाव भएको हो ।

नुनको कोटा थप गर्न सम्बन्धित निकायसँग माग गरेको साल्ट्र ट्रेडिङ डीपो कार्यालय डोल्पाका प्रमुख प्रकाश बहादुर धामीले बताए । साल्ट ट्रेडिङ डोल्पा डिपोका अनुसार डोल्पाको नुनका लागि ठेक्का आह्वान भइ नुन ढुवानी प्रक्रियामा गएको र दशैं तिहारपछि मात्रै नुन डोल्पा आइपुग्ने प्रमुख धामीले मध्यान्हलाई जानकारी दिए ।

यता त्रिपुरासुन्दरी नगरपालिकाका प्रमुख जनचन्द्र रोकायाले नगरपालिकाभरि नुनको अभाव हुन थालेपछि साल्ट ट्रेडिङ जुफाल बिक्री केन्द्रबाट ५० क्विन्टल नुन ल्याउन लागेको बताए । नुन नगरपालिकामा ल्याएसँगै नगरवासीलाई सहुलियत दरमा अनुदानको नुन बिक्री गर्नेसमेत नगर प्रमुख रोकायले बताए ।

# जिल्ला प्रशासन कार्यालय गुल्मी देशभरकै उत्कृष्ट



**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १७ असोज

जिल्ला प्रशासन कार्यालय गुल्मी कार्यसम्पादन सम्झौता (सीपीएएस) मूल्यांकनमा ७७ जिल्लामध्येकै उत्कृष्ट प्रशासन कार्यालय बनेको छ । जिल्ला प्रशासन कार्यालय गुल्मी गत वर्ष पनि उत्कृष्ट भएको थियो ।

कार्यसम्पादन मूल्यांकन मापन सूचकका लागि गृह मन्त्रालयले विभिन्न सूचकांकको आधार लिएर गुल्मीलाई प्रथम स्थानमा राखेको हो । गुल्मीले १०० पूर्णांकमा ९६.४४ अंक प्राप्त गरेर प्रथम भएको हो ।

जिल्ला प्रशासन कार्यालय गुल्मीले शान्ति सुरक्षा तथा अपराध नियन्त्रणमा १४ सह-सूचक अंकभार २९ मा २९ नै प्राप्त गरेको छ । शासकीय प्रबन्ध ४० सह-सूचक ४४ अंकभारमा ४१.२ अंक प्राप्त गरेको छ । लागुऔषध नियन्त्रणमा ५ सह-सूचक अंकभार ५ मा ५ नै अंक, विपद जोखिम न्यूनीकरण तथा व्यावस्थापनमा सह-सूचक १० र अंकभार १० मा १० नै अंक तथा मुआब्जा वितरण तथा विकास सहजीकरण सह-सूचक ४ र अंकभार ५ मा ४.२५ अंक गरी १०० मा ९६.४४ अंक प्राप्त गरी देशमै प्रथम भएको जिल्ला प्रशासन कार्यालय गुल्मीका साहायक प्रमुख जिल्ला अधिकारी हरि प्रसाद गैरेले बताए ।

गुल्मीले पहिलो त्रैमासिक २४.५ पूर्णांकमा २४.२, दोस्रो त्रैमासिकमा १६.५ पूर्णंकमा १६.४, तेस्रो त्रैमासिकमा १४.५ मा १४.२ र चौथो त्रैमासिकमा ३९.५ मा ३७.४ प्राप्त गरेको सहाय प्रमुख जिल्ला अधिकारी गैरेले बताए । उनले जिल्ला प्रशासन कार्यालय गुल्मीलाई प्रथम बनाउन सहयोग गर्ने सम्पूर्णमा धन्यवाद व्यक्त गरे ।

यस अवधिमा गुल्मीमा प्रमुख जिल्ला अधिकारीको रुपमा पुण्यविक्रम पौडेल, सागरमणि पाठक र टेकबहादुर केसी रहेका थिए । केसी हाल पनि गुल्मीका प्रमुख जिल्ला अधिकारी हुन् ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/११/२८ मा दर्ता भएको **प्रा.लि. नं. २३६१७५** को **मिलारेपा ग्यालरी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**

**कम्पनी रजिष्ट्रारको कार्यालयको हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/१४ मा दर्ता भएको प्रा.लि.नं. २७३८५५ को **इम्पायर ट्रेडिङ कम्पनि प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसै सँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमाअनुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०६/१८**

**एक्स्ट्रास्टाफ आई.टि. सोलुसन प्रा.लि.** को मिति २०८०/०६/११ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सल्भटेक सोलुसन प्रा.लि. (प्रा.लि. नं.: २२६८७२/०७६/०७७)** कायम गर्ने गरी मिति २०८०/०६/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**KUWAIT मा रोजगार** | कम्पनी: KUWAIT AGRICULTURE COMPANY WLL
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०३/११ चलानी नं.: ६०२०३८९८ LT. No.: 288622 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker/Labour | 0 | 29 | सम्बन्धित कामा दक्ष | 150 | ६४,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker/Labour | 70 | 0 | | 100 | ४२,९४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २५ गते (12 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

**मलेसियामा रोजगार** | कम्पनी : ACHI JAYA PLANTATIONS SDN BHD
शहर : JOHOR

पूर्व स्वीकृत मितिः २०८०/०२/१७ चलानी नं.: ६०२०२३३९ LT. No.: 286954 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २५ गते (12 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मेनपावर लिंक प्रा. लि.**
श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ-८, काठमाडौं, फोन : ०१-४३७५४१८, Email: info@manpowerlink.com

# Chautara Sangchokgadhi Municipality
## Office Of The Municipal Executive
### Chautara, Sindhupalchok
### Bagmati Province, Nepal

## INVITATION FOR ELECTRONIOC BIDS

**Invitation for Electronic Bids for the Upgrading works of Jalkeni Karkitar Sukute Road Sector, ward no-10 & Upgrading work Chautara gidane Road Sector, ward no-6**

**Contract Identification No: CSGM/NCB/WORKS-08/2080/81 & CSGM/NCB/WORKS-09/2080/81**

**First Date of publication: 2080/06/18 (05thOct 2023)**

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/ WORKS-08/2080/081 | Upgrading works of Jalkeni Karkitar Sukute Road Sector, CSGM-10 | Rs. 33,67,814.35 | Rs. 95,000.00 | Rs. 3,000.00 | 2080/07/20 (06th Nov 2023) at 12:00 hrs | 2080/07/20 (06th Nov 2023) at 13:00 hrs |
| CSGM/NCB/ WORKS-09/2080/081 | Upgrading work Chautara gidane Road Sector, CSGM-6 | Rs. 21,05,812.70 | Rs. 60,000.00 | Rs. 3,000.00 | 2080/07/20 (06th Nov 2023) at 12:00 hrs | 2080/07/20 (06th Nov 2023) at 13:00 hrs |

1. Eligible Bidders may obtain further office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Nepal Bank Limited, Chautara Branch
   **Name of Office:** Chautara Sangachokgadhi Municipality
   **Account Number (Aantarik Rajashwo Khata for bid document fee):** 05703000001001000001
   **Dharauti Khata No.:** 05703000003000000001
   **Office Code No.:** 801032701
   **Rajaswa (revenue) Shirshak no.:** 12499
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
4. Pre-bid meeting shall be held at Chautara Sangachokgadhi Municipality, office of the Municipal Executive, Chautara, Sindhupalchok at 2080/07/10 (27th Oct 2023) on 13:00 hrs.
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of above mentioned. which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
10. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
11. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**

# बालिका बलात्कारको अभियोगमा आठ वर्ष कैद

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १७ असोज




बालिका बलात्कार गरेको अभियोगमा ३५ वर्षीय एक पुरुषलाई आठ वर्ष कैद सजाय भएको छ। शम्भुनाथ नगरपालिका वडा नम्बर ७ का दर्शन भनिने दशन मण्डललाई असोज १५ गते जिल्ला अदालत सप्तरीले आठ वर्ष कैद सजाय भएको हो।

जिल्ला न्यायाधीश हेमन्त रावलको इजलासले उनलाई कसुरदार ठहर गर्दै आठ वर्ष कैद र १ लाख रूपियाँ क्षतिपूर्ति भर्नुपर्ने फैसला भएको इजलास अधिकृत कुमार सुवेदीले जानकारी दिए।

इलाका प्रहरी कार्यालय कल्याणपुरले उनीविरुद्ध २०७५ पुस २६ गते उजुरी दर्ता गरेको थियो। उनी भारततर्फ फरार भएका कारण गिरफ्तार गर्न नसकेपछि अदालतले २०७६ असार ३० गते मुद्दा मुल्तबी राख्ने फैसला गरेको थियो।

उक्त घटनाको साढे चार वर्षपछि आरोपित २०७९ चैत १ गते अदालतमा हाजिर हुन आएपछि पुर्पक्षका लागि थुनामा पठाइएको थियो। जिल्ला न्यायाधीश हरिश्चन्द्र इङ्नामको इजलासले उनलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो।

आरोपितले २०७५ साउन ५ गतेदेखि पटक-पटक बलात्कार गरेको भन्दै पीडितले अभिभावकलाई २०७५ पुस १६ गते बताएकी थिइन्। बालिकाको पेट ठूलो हुँदै गएपछि चिकित्सक कहाँ चेकजाँच गर्दा गर्भवती भएको थाहा पाएपछि सोधपुछ गर्दा मात्र घटनाबारे जानकारी पाएको पीडितका अभिभावकले बताएका छन्।

बाखा चराउन जाने गरेकी बालिकालाई ललाईफकाई आरोपितले पटक-पटक बलात्कार गरेको भन्दै पीडितका बुबाले इलाका प्रहरी कार्यालय कडरबोनामा २०७५ पुस २६ गते उजुरी दिएका थिए। पीडितको स्वास्थ्य परीक्षण राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा २०७५ पुस २६ गते भएको थियो। अस्पतालका चिकित्सकका अनुसार २०७५ पुस २७ गते भिडिओ एक्सरे गराउँदा पीडित बालिका २८ हप्ता तीन दिनकी गर्भवती थिइन्।

# टिकुलियामा निःशुल्क आँखा शिविर



**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, १७ असोज

रौतहटको देवाही गोनाही नगरपालिकाको टिकुलिया गाउँमा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ। बुधबार डैक फौउण्डेशनको आर्थिक सहयोग र नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पताल गौर ८ पुरेनवाको आयोजनामा आँखाका बिरामीहरुको निःशुल्क उपचार गरिएको हो। देवाही गोनाही नगरपालिका वडा नम्वर ५ टिकुलिया गाउँमा आयोजित निःशुल्क आँखा शिविरमा २ सय ६२ जना बिरामीहरुले आँखाको परीक्षण गराएका हुन्।

शिविरमा महिला १ सय ३८ र पुरुष १ सय २४ गरी कुल २ सय ६२ जना बिरामीहरुको आँखाको परीक्षण गरिएको छ। जसमध्ये ६८ जनालाई निःशुल्क औषधि र ८७ जनालाई निःशुल्क चश्मा वितरण गरिएको गौर आँखा अस्पताल शिविरका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेले मध्यान्हलाई जानकारी दिए।

आँखा परीक्षणको क्रममा मोतिया बिन्दु भएका ५८ जना बिरामीलाई गौर आँखा अस्पतालमा आएर शल्यक्रिया गराउन सुझाव दिएको बताउँदै संयोजक पाण्डेले उनीहरुको शल्यक्रिया पनि निःशुल्क गरिने बताए।

निःशुल्क आँखा शिविरलाई व्यवस्थापन मिलाउन वडा कार्यालयले सहकार्य गरेको समेत उनले बताए। मिसन नेपालको जिल्ला अध्यक्ष तथा नेपाल विश्व हिन्दु महासंघका त्रिभुवन ओझाको स्थानीय आयोजनामा शिविर सम्पन्न भएको कार्यक्रम संयोजक पाण्डेले जानकारी दिए।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०६/२४ मा दर्ता भएको **प्रा.लि. नं. १०६६७७/०६९/०७०** को **क्वेस्ट हिमालयज एडभेन्चर्स प्रा.लि.** को मिति २०८०/०६/१६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०८/०२ मा दर्ता भएको **प्रा.लि. नं. २२८४८०/०७६/०७७** को **मार्वश् क्रिएशन प्रा.लि.** को मिति २०८०/०६/१७ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**


## मलेसियामा रोजगार
कम्पनीः PEGASUS STRATEGIC ALLIANCES SDN BHD
शहरः MELAKA

पूर्व स्वीकृत मितिः २०७९/०५/१५ चलानी नं.: ६०१८६४६० LT. No.:270634 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २५ गते (12 October 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४५६५७५३, फ्याक्सः ०१-४५६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np
Govt.Lic. No. 357/059/060



## CYPRUS मा रोजगार
कम्पनीः LIGHTBLUE VISION LTD.
शहरः Limassol

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८६२५ L.T. No.: 293257

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 314 | ४३,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २५ गते (12 October 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**CROWN OVERSEAS CONSULTANCY PVT. LTD.**
Chhetra Bikram Marga, Kathmandu | Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com
Gov. License No.: 225/058/059



## साउदी रोजगार
कम्पनीः Hamoud Mohammed Al-Juhani Goods Transport Corporation
शहरः Jeddah

पुर्व स्वीकृत मितिः २०८०/०६/१७ चलानी नं.: ६०२०८६५८ L.T. No.: 293516

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Vehicle Cleaner | 2 | 0 | | 1000 | ३५,४२० | | | | | | | |

कम्पनीः Diamond Hospitality Company for Hotel Services शहरः Tabuk

पुर्व स्वीकृत मितिः २०८०/०६/१७ चलानी नं.: ६०२०८६५९ L.T. No.:293517

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office and Facility Cleaning Worker | 2 | 0 | | 1000 | ३५,४२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २५ गते (12 October 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- यूएई को निःशुल्क |

